# परिच्छेद - एक

## परिचय

यस परिच्छेदमा अध्ययन पृष्ठभूमिका बारेमा जानकारी गराइएको छ । त्यसैगरी शैक्षिक सामग्रीहरूको परिचय पनि दिइएको छ । अध्ययनको समस्यालाई प्रष्ट्याइएको छ भने अध्ययनको औचित्यलाई पनि यसै परिच्छेदमा राखिएको छ । अध्ययनका लागि आवश्यक महत्त्वपूर्ण उद्देश्यहरूका साथै शोधप्रश्नहरू  र अध्ययनको परिसीमालाई यस परिच्छेदमा समेटिएको छ । अन्त्यमा परिभाषित शब्दहरू पनि राखिएको छ ।

### १.१ अध्ययनको पृष्ठभूमि

शिक्षा एक गतिशील प्रक्रिया हो । यो मानिसको जन्मदेखि मृत्युपर्यन्त चलिरहन्छ । शिक्षा एक सामाजिक प्रक्रिया हो । यसले समाजको विकासको लागि आवश्यक जनशक्ति तयार पार्दछ । मानिसको आधारभुत आवश्यकताको रूपमा गाँस, बास, कपास, शिक्षा, स्वास्थ्य र सुरक्षा पर्दछन् भनेर संयुक्त राष्ट्रसंघले स्वीकार गरेको छ । त्यसमा पनि सबैको विकास र विस्तार गर्न शिक्षाको नै आवश्यकता पर्दछ । शिक्षा जीवन ज्योति हो, सभ्यता र संस्कृतिको जननी हो । शिक्षा विनाको मानव पशुसरह हुन्छ । मानिसलाई व्यक्तिगत र सामुहिक रूपमा सक्षम बनाउन उचित शिक्षा दिनु पर्दछ । आत्मिक, मानसिक, शारीरिक, आध्यात्मिक वैयक्तिक एवम् सामाजिक र भौतिक विज्ञान र प्रविधि सबै किसिमका मानविय कृयाकलापको उन्नतिको मुहान नै शिक्षा हो । प्रत्येक व्यक्ति समाज र राष्ट्रको सर्वाङ्गीण विकासको निम्ति शिक्षा अपरिहार्य हुन्छ (खनाल, २०६०) ।

मानव सभ्यताको विकासको सँगसँगै शिक्षाको प्रारम्भ भएको हो । शिक्षालाई ज्ञान आर्जन गर्ने माध्यमको रूपमा लिइएको छ । शिक्षा विकासलाई हेर्दा मानिसले पार गर्दै आएका एक युगले अर्को युगलाई पाठ पढाएको पाइन्छ । नेपालको स्थापना कालदेखि नै शिक्षाको शुरुवात भई यसको विकास आफ्नै गतिबाट हुँदै आएको पाइन्छ । प्राचीन कालमा बाबुले छोरालाई आमाले छोरीलाई आफ्नै ज्ञान सीप संस्कार अनुसारको शिक्षा दिने गर्दथे । प्राचीन नेपालको शिक्षा पूर्ण रूपमा गुरुकुलमा आधारित थियो । शिक्षाको आधार वेदलाई मानिएको थियो । नेपालमा शिक्षाको विकास धेरै पहिलेदेखि भए पनि आधुनिक औपचारिक शिक्षाको शुरुवात वि.सं.१९१० साल जङ्गबहादुरको पालादेखि भएको मानिन्छ । १९१० असोज

२७ गतेका दिन आफ्नो दरबार थापाथलीको दाख चोकको भुइँतलामा पहिलो अङ्ग्रेजी पाठशालाको स्थापना गरेपश्चात् मात्र भएको हो (शर्मा, २०६२) ।

शैक्षिक उद्देश्यहरू परिपूर्ति गर्ने क्रममा शिक्षकले कक्षामा अध्यापन गराउने क्रममा उपयोगमा ल्याइने जति पनि वस्तु सामग्री वा उपकरणलाई शैक्षिक सामग्री भनिन्छ । कुनै पनि विषय वस्तुलाई रुचिकर, ज्ञानवर्द्धक, सरल, आकर्षक, मनोरञ्जनात्मक साथै प्रभावकारी ढङ्गले शिक्षण गर्न शैक्षिक सामग्री अति आवश्यक हुन्छ । कोबुन (१९९३) को अनुसन्धानबाट के थाहा हुन्छ भने १०० प्रतिशतमध्ये ८३ प्रतिशत कुनै कुरा देख्न पाउने अवसरबाट प्राप्त हुन्छ । त्यसैगरी ११ प्रतिशत सुनेर, ३.५ प्रतिशत छोएर, १ प्रतिशत स्वाद लिएर श्रव्य दृश्य सामग्रीको संयुक्त प्रयोग र विद्यार्थीको समेत सहभागीता बढाई गरिएको शिक्षण सिकाई कार्य प्रभावकारी हुन्छ । शिक्षणको कार्य विद्यार्थीले सिक्नु र जान्नु भएकाले शैक्षिक सामग्रीको निर्माण व्यवस्थापन, सङ्गठन, सङ्कलन भण्डारण र प्रयोगमा कन्जुस्याईं गर्नु हुँदैन (काफ्ले, २०६१) ।

सकारात्मक रूपमा शिक्षाको गुणस्तर वृद्धिको लागि शैक्षिक सामग्रीको अत्यन्त ठूलो भूमिका छ । शिक्षण सिकाइको केन्द्र विन्दु नै विद्यार्थी भएकाले शिक्षकले कक्षामा अनुकुल वातावरण सृजना गरी अध्यापन कार्य सफल पार्न विषय वस्तु अनुसारका शैक्षिक सामग्रीको सही किसिमले प्रयोग गर्नु अति आवश्यक छ । शैक्षिक सामग्रीभन्दा कुनै पनि सामग्रीलाई लिन सकिन्छ । जसले विद्यार्थीलाई शिक्षण सिकाई कार्यमा सहयोगी हुन सकोस् । उनीहरूले वास्तविक र व्यवहारिक ज्ञान प्राप्त गर्नुका साथै सृजनात्मक प्रतिभाको विकास गर्न समेत मद्दत पुगोस् । विद्यार्थीले अध्ययन क्रियाकलापमा अभिरुची बढाई सोच्ने बानी र पठन पाठन क्रियाकलापमा शिक्षक विद्यार्थीको संलग्नता बढ्न सकोस् भन्ने धारणाका साथ शैक्षिक सामग्रीको प्रयोगलाई जोड दिएको छ (हाडा, २०५९) ।

शिक्षण एउटा कला हो । शिक्षकले आफूसँग भएका ज्ञान सीपलाई जसरी एउटा कलाकारले आफ्नो कलाद्वारा अरूलाई मनोरञ्जन प्रदान गर्दछन् त्यसैगरी शिक्षकले पनि विभिन्न कला, हाउभाउ, अभिनयद्वारा शैक्षिक सामग्रीको प्रयोग उचित समयमा गरी सिकाइमा ती ज्ञान, सीप, धारणा स्थानान्तरण गर्न सफल हुन्छ । यसको लागि नविनतम वैज्ञानिक प्रविधिको उपयोग गर्नु पर्दछ । विश्वव्यापीकरणको वर्तमान समयमा प्रयोग गरीने सामग्री अत्याधुनिक बनाउन जोड दिनुपर्छ । कक्षाकोठाको प्रस्तुतीकरणमा शब्दमात्रको

प्रयोगले भन्दा श्रव्य दृश्यात्मक शैक्षिक सामग्रीको प्रयोग कलिला बालबालिकाका लागि बढी रुचीकर हुन्छ । सामान्य तथा उच्च शिक्षाका उपाधि प्राप्त व्यक्तिहरू व्याख्यान विधिमा अभ्यस्त हुनाले उनीहरू विद्यालयमा पनि यस विधिलाई सहज ठान्दछन् । कक्षामा शिक्षण गर्न सहजै सकिन्छ भन्ने धारणा राख्दछन् तर खास गरेर विद्यालय तहमा वक्ता र स्रोताको रूपमा गरिने कार्य आज अफाप सिद्ध भइसकेको कुरा अध्ययन अनुसन्धान कर्ताले देखाएका छन् । शिक्षण सिकाइ अलग-अलग धार हुन् तथापि यी दुई बीच अन्योन्याश्रित सम्बन्ध अवश्य पनि छ । एउटालाई अर्कोबाट अलग गर्न खोज्दा तीनको अस्तित्वमा नै प्रश्नचिन्ह खडा हुन सक्छ । किनकी शिक्षण कलाबाट नै सिकाइ हुन्छ । सिकाइ प्रक्रियाले शिक्षणमा सघाउ पुऱ्याउँछ (सापकोटा, २०६२) ।

### १.१.१ शैक्षिक सामग्रीको परिचय

शिक्षण सिकाइ क्रियाकलापलाई व्यवस्थित तरिकाले विद्यार्थीहरू समक्ष प्रस्तुत गर्ने सामग्रीलाई शैक्षिक सामग्री भनिन्छ । शैक्षिक सामग्रीले विद्यार्थीहरूको सिकाइलाई ठोस र मूर्त बनाउँछ । शिक्षण कलाको प्रभावकारी तत्त्व शैक्षणिक प्रदर्शन र यसको उचित प्रयोग बीच अत्यन्तै गहिरो सम्बन्ध छ । शैक्षिक सामग्रीको प्रयोग उचित किसिमले हुनसक्नु पर्दछ । पाठको उद्देश्य प्राप्तिमा सघाउ पुऱ्याउन शैक्षणिक सामग्रीको सङ्कलन, निर्माण, प्रयोग, भण्डार आदि सबै पक्षमा कलात्मक एवम् मनोवैज्ञानिक चिन्तनको उपयोग गर्नु पर्दछ । सामग्रीको निर्माण मूलतः स्थानिय स्रोतबाट प्राप्त हुने सस्ता बस्तुबाट प्रभावकारी र आकर्षक ढङ्गले गरिनु पर्दछ । सामग्री रोचक हुनाको साथै जिज्ञासा उत्पन्न गराउने र खोजी गर्ने बानी बसाल्ने हुनु पर्दछ भन्ने प्राथमिक शिक्षा २०४९ को उद्देश्य रहेको छ । शैक्षणिक सामग्रीको प्रयोगबाट पाठ स्पष्ट हुन्छ र प्रस्तुत धारणालाई सिकारुमा हस्तान्तरित गर्न सफल हुन्छ । एउटा उपयुक्त चित्रले हजारौं शब्दको ज्ञान गराइरहेको हुन्छ (सापकोटा, २०६२) ।

शैक्षिक सामग्री छनोटका विभिन्न आधार एवम् सिद्धान्तहरू छन् । यस्तै तयारी सिद्धान्त, छनोट सिद्धान्त, नियन्त्रण सिद्धान्त, सदुपयोग र प्रस्तुतीको सिद्धान्त, प्रतिक्रिया र समूह सिद्धान्तमा आधारित हुनु पर्दछ । समग्रमा शैक्षिक सामग्रीलाई ४ भागमा विभाजन गरिएको छ ।

**शैक्षिक सामग्री**

| १ मुद्रित सामग्री | २ दृश्य सामग्री | ३ श्रव्य सामग्री | ४ श्रव्य+दृश्य सामग्री |
|---|---|---|---|
| पुस्तक, पत्रिका, शिक्षक, निर्देशिका, पाठ्यक्रम, विषय विस्तृतीकरण, कक्षा नोट, इमेल | नक्सा, ग्लोब चार्ट, मोडल, ग्राफ, चित्र स्लाइड, फिल्म, स्टिपस, इन्टरनेट, कालोपाटी, फ्लाटिन बोर्ड | रेडियो, टेपरेकर्डर, फोनोग्राफ, डिक्स | नाटक, सिनेमा, भिडियो, टि.भी. आदि |

स्रोत : श्रेष्ठ, २०६२

व्यवस्थापन भन्नाले सामन्य अर्थमा कुनै पनि पक्षको राम्रो तवरले बन्दोवस्त गर्नु तथा सञ्चालन गर्नु, परिचालन गर्नु भन्ने बुझिन्छ । विद्यालयमा व्यवस्थापनको निकै महत्त्वपूर्ण स्थान रहेको हुन्छ । यदि उचित किसिमले त्यसको रेखदेख सञ्चालन गर्न नसकेको खण्डमा त्यसले सहि बाटो लिन नसकि असफल भएर जान्छ । विद्यालय एउटा सामाजिक एवम्  शैषिक संस्था भएकोले यसको झन राम्रो व्यवस्थापन गर्न सक्नु पर्दछ । विद्यालयमा कलिला बालबालिकाको भविष्य निर्माण गर्ने काम गरिन्छ । व्यवस्थापनले जनस्रोत र सामग्री स्रोतको उपयुक्त परिचालन गरी उच्चतम शैक्षिक उपलब्धिको वातावरणको सिर्जना गर्ने काम र कामप्रति सकारात्मक प्रवृत्तिको विकास गर्ने काम गर्दछ । हरेक संस्थाको सफलता संगठित एवम् सामुहिक प्रयासबाट मात्र संभव छ । मा.वि.को उचित व्यवस्थापनको लागि नेपालमा विभिन्न समयमा विभिन्न उपायहरू अपनाउँदै आएको पाइन्छ । यति हुँदाहुँदै पनि विद्यालयमा शैक्षिक सामग्रीको अवस्था कस्तो रहेको छ ? शै.सा.हरू व्यवस्थापन गर्दा कस्ता समस्या छन् ? प्र.अ.ले शै.सा.को व्यवस्थापन कसरी गर्ने गरेका छन् ? प्र.अ.हरूले विद्यालयमा भएका शै.सा.व्यवस्थापन सम्बन्धी बुझाई, भोगाइ वा अनुभव समेटेर अध्ययन गर्नु आवश्यक देखिएको हुँदा यो विषयवस्तुलाई छनोट गरिएको छ ।

### १.२ समस्याको कथन

नेपाल सरकारले प्रत्येक वर्ष १६ प्रतिशत भन्दा बढी रकम शिक्षामा विनियोजन गरेको छ (नेपाल सरकार बजेट प्रतिवेदन, २०६९/२०७०) । जसमध्ये ठूलो हिस्सा सामुदायिक विद्यालयमा खर्चेको छ । तर सामुदायिक विद्यालयको शैक्षिक उत्पादन

सन्तोषजनक छैन । सरकारले विद्यालयमा गरेको लगानीको उचित प्रतिफल विद्यालयले दिन नसकेको वास्तविक यथार्थता हो । विद्यालयको शैक्षिक गुणस्तर राम्रो नहुनु पछाडि के-के कारक तत्त्वहरू हुन सक्दछन् भनेर खोज्ने सवालमा शैक्षिक गुणस्तरलाई प्रत्यक्ष असर पार्ने शिक्षण सिकाइ क्रियाकलापलाई व्यवस्थित गर्न नसक्नु नै हो भन्ने लागेकोले शिक्षण सिकाइ क्रियाकलाप व्यवस्थित गर्न विद्यालय तहमा शैक्षिक सामग्री व्यवस्थापन कस्तो छ सो कुराको अध्ययन गर्न यस शीर्षकलाई अध्ययनको क्षेत्र बनाइएको छ । त्यसमा देखिएका समस्याहरू र अवस्थाको सुधारका लागि चालिनुपर्ने उपयुक्त विकल्प दिने प्रयास गरिएको छ ।

सरकारले केवल शिक्षकको तलब भत्तामा मात्र लगानी गर्ने परिपाटिको अन्त्य गरी शैक्षिक गुणस्तरमा वृद्धि गर्नको लागि आर्थिक, प्राविधिक सहयोग दिने र शैक्षिक सामग्रीको निर्माण सङ्कलन र संरक्षण गर्ने नीति निर्माण र अनुगमन गर्ने कार्य गर्ने संरचना कायम गराउने वातावरण तयार पार्नको लागि पनि यो अध्ययन सहयोगी हुन्छ भन्ने ठानेको छु ।

शैक्षिक सामग्रीको व्यवस्थापनका समस्याहरू निम्न अनुसार छन् :-

(क) विद्यालयहरूमा पाठ्यक्रममा उल्लेखित शैक्षिक सामग्री सङ्कलन प्रक्रिया कस्तो रहेको छ ?

(ख) कक्षा कोठामा शिक्षकहरूले शिक्षण गर्दा कस्तो तरीकाले प्रयोग गर्नु भएको छ ?

(ग) शै.सा. कहाँ कसरी राखिएको छ ?

(घ) शै.सा. खोज्दा कस्तो समस्या रहेको छ ?

(च) शै.सा. व्यवस्थापन गर्दा कस्ता समस्याहरू परेका छन् ?

(छ) शै.सा.कसरी उपलब्ध गराइन्छ ?

(ज) स्थानीय स्तरका शै.सा.उपलब्ध गराउन विद्यालयहरूले कस्तो पहल गरेका छन् ?

यी विविध समस्याहरूको मनन गरी अध्ययनको रूपमा **सामुदायिक विद्यालयमा शैक्षिक सामग्रीको व्यवस्थापनले शिक्षण सिकाइमा पारेको प्रभाव** राखेर अध्ययन गरिएको छ ।

## १.३ अध्ययनको औचित्य

कुनै पनि अध्ययन अनुसन्धानको आ-आफ्नै औचित्य रहेको हुन्छ। विद्यालय तहमा शै.सा.को व्यवस्थापनको आफ्नै महत्त्व रहेको छ। यसको अनुसन्धानबाट शैक्षिक सामग्रीको वर्तमान अवस्थाको जानकारी लिने, त्यसमा देखिने समस्याहरूको पहिचान गर्ने र देखा परेका समस्याहरू समाधान गर्न उपयुक्त सुझावहरू दिने यस अनुसन्धानको औचित्य मान्न सकिन्छ।

अध्ययनको औचित्यलाई बुँदागत रूपमा निम्नानुसार प्रस्तुत गरिएको छ :

- विद्यालयको शिक्षण सिकाइ क्रियाकलापलाई व्यवस्थित गराउनको लागि शैक्षिक सामग्रीको व्यवस्थापन उपयोगी हुनेछ।
- शिक्षकलाई कक्षा शिक्षण गराउन सजिलो बनाउँछ।
- समयानुकूल शै.सा. व्यवस्थापन गरी शिक्षण गर्न सकेको खण्डमा विश्वव्यापीकरणको वर्तमान समयमा आफ्ना शैक्षिक उत्पादन गुणस्तरीय बनाउन सकिन्छ।
- प्र.अ., शिक्षक, निरीक्षक, शिक्षाविद्हरूलाई उपयुक्त शैक्षिक सामग्री निर्माण तथा प्रयोग गर्न सक्षमता विकसित गराउनको लागि शैक्षिक सामग्री व्यवस्थापनको महत्त्व छ।
- विद्यालयमा भएका शैक्षिक सामग्रीलाई व्यवस्थित किसिमले गुणस्तर नविग्रने गरी र खोजेको समयमा सजिलैसँग उपलब्ध हुने वातावरण बनाउनको लागि पनि शैक्षिक सामग्री व्यवस्थापन उपयोगी हुनेछ।
- शै.सा. प्रयोगले विद्यार्थीहरूमा सिकाइ दिगो, स्पष्ट र व्यवहारिक बनाउन मद्दत गर्दछ।
- स्थानीय स्तरबाट शै.सा. बनाउन प्रोत्साहन गर्नेछ।
- शै.सा. लाई कोर्ड गर्नको लागि सहयोग गर्दछ।
- प्रयोगशाला बनाउनको लागि प्रेरणा दिनेछ।
- पुस्तकालयको निर्माणको लागि सहयोग गर्नेछ।
- विद्यार्थीहरूलाई शै.सा. निर्माण गर्न प्रोत्साहन गर्नेछ।
- शिक्षकहरूलाई शै.सा. निर्माणमा सहयोग गर्नेछ।

## १.४ अध्ययनका उद्देश्यहरू

यस अनुसन्धानमा निम्न उद्देश्य राखेर अध्ययन गरिएको छ :

(क) विद्यालय तहमा शैक्षिक सामग्री व्यवस्थापनको स्थिति विश्लेषण गर्ने,

(ख) विद्यालय तहमा शै.सा.व्यवस्थापन गर्दा आइपर्ने समस्याहरू पत्ता लगाउने,

## १.५ शोध प्रश्नहरू

यस अध्ययनका शोध प्रश्नहरू निम्नानुसार रहेका छन् :

- विद्यालय तहमा शैक्षिक सामग्री कसरी राखिएको छ ?
- विद्यालयमा शै.सा. के कति छन् ?
- शै.सा.निर्माणमा क-कस्को भूमिका हुन्छ ?
- शै.सा. भण्डार कसरी गरिएको छ ?
- शै.सा. राख्नको लागि छुट्टै कोठा छ ?
- शै.सा.को व्यवस्थापन गर्दा कस्ता समस्या भोग्नु परेको छ ?
- विद्यालयमा भएका शै.सा.को अवस्था के-कस्तो छ ?
- शै.सा. नष्ट हुनबाट जोगाउन के गर्नुपर्ला ?
- शै.सा. को प्रयोगले शिक्षण सिकाइमा कस्तो प्रभाव पारेको छ ?

## १.६ अध्ययनका परिसीमाहरू

यस अध्ययनको उद्देश्य र क्षेत्र व्यापक र विस्तृत भएकाले यातायातको सुविधा, समय, स्रोतको अभावलाई ध्यानमा राखी निम्न परिसीमाहरू तय गरिएको छ ।

- यस अध्ययन तथ्याङ्क सङ्कलन गर्न सजिलो होस् भनी समय, परिस्थिति, परिवेश तथा निकटताको आधारमा सुनसरी जिल्लाको इटहरी स्रोतकेन्द्रमा सिमित रहेको छ ।
- इटहरी स्रोतकेन्द्रका ४ वटा मा.वि. र १ वटा प्रा.वि.मा मात्र सिमित रहेको छ ।
- विद्यालयमा भएका शैक्षिक सामग्रीको सङ्कलन र व्यवस्थापनमा मात्र सिमित गरिएको छ ।

- यस अध्ययनलाई विद्यालयमा प्रयोग हुने सामग्रीहरूमा मात्र सीमित राखेर अध्ययन गरिएको छ ।

## १.७ परिभाषित शब्दहरू

| | | |
|---|---|---|
| अभिभावक | - | छनोटमा परेका विद्यालयका अध्ययनरत विद्यार्थीहरूको अभिभावक भनी विद्यालयको अभिलेखमा गनिएको व्यक्ति |
| प्रधानाध्यापक | - | छनोटमा परेका विद्यालयका शिक्षक प्रमुख |
| विद्यार्थी | - | छनोटमा परेका विद्यालयमा अध्ययन गर्ने व्यक्ति |
| विद्यालय | - | छनोट गरिएका सामुदायिक विद्यालय |
| विद्यालय व्यवस्थापन समिति | - | अध्ययन क्षेत्रको विद्यालयको सञ्चालन, रेखदेख र व्यवस्थापन गर्न शिक्षा ऐन/नियम अनुसार गठित समिति |
| व्यवस्थापन | - | छनोटमा परेका विद्यालयहरूको शै.सा.को कुशलतापूर्वक साधन र स्रोतको व्यवस्थापन |
| शिक्षक | - | छनोटमा परेका विद्यालयका शिक्षण गर्ने व्यक्ति |
| शैक्षिक सामग्री | - | छनोटमा परेका विद्यालयका शिक्षकहरूले कक्षामा अध्यापन गराउने क्रममा उपयोगमा ल्याइने जति पनि वस्तु, सामग्री वा उपकरण |
| समुदाय | - | अध्ययनको कुनै पनि निश्चित क्षेत्रमा बसोबास गर्ने सामाजिक समूह |
| सामुदायिक विद्यालय | - | नेपाल सरकारबाट नियमित रूपमा अनुदान पाउने गरी अनुमती वा स्वीकृति प्राप्त अध्ययन क्षेत्रको विद्यालय |

# परिच्छेद- दुई

# सैद्धान्तिक खाका तथा सम्बन्धित साहित्यको पुनरावलोकन

## २.१ सैद्धान्तिक खाका

यस अध्ययनमा सैद्धान्तिक खाका र पूर्वसाहित्यको पुनरावलोकन गरिएको छ । यस अध्ययनलाई दुई खण्डमा विभाजन गरी पहिलो शीर्षकमा यस अध्ययनसँग सम्बन्धित सैद्धान्तिक खाका र दोस्रो खण्डमा पूर्व साहित्यको पुनरावलोकन गरिएको छ ।

**Meryo, (1880) मानव सम्बन्ध सिद्धान्त** : यिनलाई मानव सम्बन्ध सिद्धान्त प्रर्वतकका रूपमा मानिन्छ (Agramal, 2006) । मानव सम्बन्ध सिद्धान्तले मानव सम्बन्ध भनेको सोचाइ, प्रवृत्ति र व्यवहार अर्को व्यक्तिसँग कसरी प्रस्तुत हुन्छ, त्यसमा नै मानव सम्बन्ध निर्भर हुने गर्दछ । यसमा मनोवैज्ञानिक, व्यक्तिगत गुण र मानविय तत्त्वले प्रत्यक्ष प्रभाव पारिरहेको छ । मानव सम्बन्धका विविध आयनहरूलाई मध्यजनर गरेर विद्यालय व्यवस्थापनका हरेक सवालमा राम्रो र सुमधुर सम्बन्ध कायम गर्न मानव सम्बन्धले महत्त्वपूर्ण भूमिका निर्वाह गरेको हुन्छ । कुनै पनि संगठनमा कार्य गर्नेहरूका बीच राम्रो मानव सम्बन्ध भएमा कार्य सम्पादन राम्रो, चाँडो, स्तरीय हुने र यसको विपरित मानव सम्बन्ध भएमा कार्य सम्पादन ढिलो, नराम्रो र कम गुणस्तरीय हुन थाल्यो । मानव सम्बन्ध सिद्धान्तले मानिसलाई सङ्गठनको अन्य वस्तु वा कुनै सम्पत्ति वा मेशिनको रूपमा लिइनु हुँदैन र मानिसलाई मानिस जस्तो व्यवहार गर्नुपर्छ भन्ने कुरालाई जोड दिएको छ । मानिस चेतनशिल प्राणी भएकोले उसलाई मानवीय व्यवहार आवश्यक हुन्छ । संगठनमा सबै मिलेर उद्देश्य पूरा गर्नु छ भने एकले अर्कालाई चिनेर व्यवहार गर्नु पर्दछ । जति धेरै मानवीय सम्बन्ध स्थापना गर्न सक्यो त्यत्ति नै राम्रो सम्बन्ध कायम भई काममा स्तरीय एवम् प्रभावकारीता हाँसिल गर्न सकिन्छ भन्ने मानव सम्बन्ध सिद्धान्तको सार हो (कोइराला, २०५९) ।

**B.F. Skinner, (1904) द्वारा प्रतिपादित कार्यमूलक व्यस्तताको पुनर्वलीय सिकाइ सिद्धान्त** यस अध्ययनमा सिक्ने र सिकाउने कार्यमा जोड दिएको हुनाले अध्ययनलाई सिकाई सिद्धान्तसँग सम्बन्धित बनाइएको छ । यस सिद्धान्तको मूल विचार सिकाई वा व्यवहार परिवर्तन उपयुक्त वातावरण उद्यीपकप्रति सहजै पैदा हुने प्रतिक्रिया र पुनर्वलीय उद्यिपक

बीचको कृयाकलाप सम्बन्धी प्रत्यावर्तन सिकाई भनिन्छ । सिकाइ परिवर्तन गराउनमा सहयोगी भूमिका खेल्ने वातावरणीय पक्षलाई पुनर्वल भनिन्छ (खनाल, २०५७) । पुनर्वलले सिकारुहरूलाई सिकाइप्रति तत्परता र रुची पैदागरी सिकाई प्रभावकारी र दिगो बनाउन सहयोग पुऱ्याउछ । स्किनरले निरन्तर पुनर्वल तालिका अनुसार सही प्रतिक्रियाका मात्रा र सिकाइ दक्षताको आधारमा बीच बीचमा रोकिँदै पुनर्वल उपलब्ध गराउन सकिने कुरा उल्लेख गरेका छन् । बालबालिकाको सिकाइ प्रतिक्रियामा पुनर्वल तालिकाको प्रयोग गरि व्यवहार परिवर्तन गर्न सकिनेछ । विद्यार्थीले सही प्रतिक्रिया देखाएपछि तुरुन्त पुनर्वल प्रदान गर्नाले सिकाई प्रभावकारी हुन्छ । यस सिद्धान्त अनुसार सिकाइमा दण्डको प्रयोगले व्यवहारलाई दवाएर राख्दछ र पुनः जागरण गराउन सक्दछ तर पुरस्कारले सधैँ सकारात्मक व्यवहार अनुसार पुनर्वलको माध्यमबाट शब्द ज्ञान गराउन सकिन्छ । यस अनुसार पुनर्वल र वातावरणीय अनुकूलतालाई शाब्दिक सिकाइको मूल स्रोतको रूपमा लिनु हो । सबै सिकाइको तात्परता अनुरूपमा सिकाइ विषय वस्तुको निर्धारण गर्नुपर्ने कुरा पनि उल्लेख गरिएको छ (खनाल, २०५९) ।

**फ्रेडरिक विन्स्लो टेलर (सन् १९५६-१९१५)** कुञ्च र वइरिजको पुस्तक संगठनात्मक व्यवस्थापनमा उल्लेख भए अनुसार फ्रेडरिक विन्स्लो टेलरले वैज्ञानिक व्यवस्थापनका सम्बन्धमा नवीन विचारहरू दिएका छन् । टेलरले व्यवस्थापन कार्य गर्दा समस्याको समाधान वैज्ञानिक ढङ्गले गर्नुपर्दछ भन्ने कुरामा जोड दिएका छन् । टेलरको सिद्धान्तमा व्यवस्थापकले आफ्नो स्थिति, कार्य विश्लेषण, कार्य तथा कामदार उपयुक्त हुनुपर्ने, व्यवस्थापकले कार्यको जिम्मेवारी लिनुपर्ने जस्ता कुरामा जोड दिएका छन् । वैज्ञानिक व्यवस्थापनको सिद्धान्तले व्यवस्थापनका क्षेत्रमा ठूलो प्रभाव पारेको छ । जसबाट शिक्षाक्षेत्रलाई पनि अलग राख्न सकिँदैन । सामुदायिक विद्यालयको प्राथमिक तहमा मानवीय तथा भौतिक स्रोत व्यवस्थापनको पक्षको अध्ययनका सन्दर्भमा वैज्ञानिक व्यवस्थापन सिद्धान्तलाई आधार मानी विद्यालयको व्यवस्थापनमा सरोकारवाला व्यक्तिहरू, प्रधानाध्यापक, शिक्षकहरू, कर्मचारीहरू, विद्यालय व्यवस्थापन समितिका अध्यक्ष, अभिभावक आदि सबैको बीचमा आत्मीय सहयोग, सम्बन्ध र सामञ्जस्यता स्थापित हुनु पर्दछ । विद्यालयका योजना निर्माण गरी मानवीय र भौतिक स्रोत/साधनको परिचालनबाट शिक्षाका उद्देश्य पूरा गर्न यस सिद्धान्तको प्रयोग विद्यालय व्यवस्थापनमा भएको पाइन्छ । यसरी वैज्ञानिक व्यवस्थापनको सिद्धान्तले विद्यालय व्यवस्थापकहरूलाई योजना निर्माण, मानवीय र

भौतिक स्रोत/साधन सङ्कलनमा सहयोग, स्रोतहरूको परिचालन, योजनाको कार्यान्वयन र त्यसको मूल्याङ्कनमा सहयोग गर्ने साथै शिक्षक-कर्मचारीको छनोट, तिनको व्यवस्थापन र शिक्षक तालिमका सम्बन्धमा सहयोग गर्ने भएकाले यो सिद्धान्तलाई यस अध्ययनमा राखिएको छ (कोइराला र श्रेष्ठ, २०६६) ।

## २.२ सम्बन्धित साहित्यको अध्ययन

विगतमा भएका कार्यले वर्तमानमा मार्गनिर्देशनको काम गर्दछ । विगतमा गरिएका अध्ययन अनुसन्धानले वर्तमान र आगामी दिनमा गरिने अध्ययनमा सघाउ पुऱ्याउँछन् । विगतमा यस्ता अध्ययन कसरी गरिए, के कस्ता विधि अपनाएर गरिए, अध्ययनका क्रममा के कस्ता समस्या देखापरे जस्ता कुराहरू सम्बन्धित साहित्यको अध्ययनबाट थाहा हुन्छ । त्यसर्थ कुनै पनि अध्ययन गर्ने क्रममा पूर्वकार्यको अध्ययनको लेखाजोखा गरी अध्ययनलाई निष्कर्षमा पुऱ्याइएको छ ।

**भट्टराई (२०६५)** भट्टराईले गरेको विद्यालयको स्रोत व्यवस्थापन सम्बन्धी अध्ययन यस अध्ययनसँग मिल्दोजुल्दो अध्ययन हो । स्याङ्जा जिल्लाको थुमपोखरा गा.वि.स.भित्रका २ वटा प्राथमिक विद्यालयहरूको स्रोत व्यवस्थापन शीर्षकमा गरिएको उक्त अध्ययनमा समुदायमा हस्तान्तरित विद्यालयमा खानेपानी, कक्षाकोठा र खेल मैदानको समस्या रहेको पाइयो भने अधिकांश रकम तलब भत्ता र प्रसासनिक कार्यमा खर्च हुने गरेको पाइयो । स्रोत व्यवस्थापनका चुनौतिहरूमा विद्यार्थी शुल्क उठाउन कठिनाइ, कमजोर आर्थिक अवस्था, दीगो आर्थिक स्रोतको अभाव, स्थानीय निकाय र संस्थाको सहयोगमा निरन्तरता नहुनु आदि रहेका छन् । सोही अध्ययनमा विद्यालयमा आयवृद्धि कार्यक्रम सञ्चालन गर्ने, जनचेतना कार्यक्रम सञ्चालन गर्ने तथा नीतिगत र कानूनी सुधार गर्नुपर्ने सुझाव समेटिएका छन् ।

**पौडेल (२०५९)** नेपालको सन्दर्भमा विद्यालयमा आधारित व्यवस्थापन, विकासको निम्ति शिक्षा शिक्षण कलाका प्रभावकारी तत्त्व शैक्षिक सामग्रीको प्रदर्शन र यसको उचित प्रयोग हो । शैक्षिक सामग्रीको प्रदर्शन र प्रयोग अनि शिक्षण सिकाइ क्रियाकलापबीच अन्योन्यास्रित सम्बन्ध छ । तसर्थ शैक्षिक सामग्रीको प्रयोजन उचित समयमा उचित किसिमले गर्न सकेमा मात्र शिक्षण सिकाइ प्रभावकारी हुने हुनाले यसबाट गुणस्तरीय शिक्षाको अपेक्षा राख्न सकिन्छ । पाठको सङ्कलन प्रयोग आदि सबै पक्षमा कलात्मक मनोवैज्ञानिक चिन्तनको उपयोग गर्नु पर्दछ । शै.सा.को निर्माण मूलतः सस्तो र शुलभ र स्थानिय स्रोतबाट प्राप्त हुने वस्तुबाट प्रभावकारी र आकर्षक किसिमले गरिनु पर्दछ । ताकी त्यसको प्रयोगबाट शिक्षण

प्रभावकारी हुन सकोस् । शैक्षिक सामग्री रमाइलो मात्र नभई बालबालिकामा जिज्ञासा उत्पन्न गराउने र खोजि गर्ने बानी बसाल्ने प्रवृत्तिको हुनु पर्दछ । शैक्षिक सामग्रीको प्रयोगले पाठलाई स्पष्ट गराउँछ । प्रस्तुत धारणालाई छर्लङ्ग पार्दछ । एउटा उपयुक्त चित्रले हजारौँ शब्दको ज्ञान गराइ राखेको हुन्छ । कक्षा शिक्षणमा शब्दै शब्दको प्रयोग गरेर मुखैले मात्र शिक्षण गर्दा विषयवस्तुको प्रयोग भन्दा दृश्यात्मक शैक्षिक सामग्रीको प्रयोग गरेर मुखैले मात्र शिक्षण गर्दा विषयवस्तुको प्रयोग भन्दा दृश्यात्मक शैक्षिक सामग्रीको प्रयोग बालबालकाको हिसाबले बढी रुचीकर हुन्छ । शैक्षिक सामाग्रीको प्रयोगबाट विषयको धारणा स्पष्ट हुन्छ । उदाहरणको लागि चित्र, नक्सा, नमुनाको अवलोकन र सामग्री निर्माणको रूपमा विद्यार्थीहरूले सामाग्री बनाइएमा शिक्षण ज्ञानवर्धक हुन सक्छ । यसरी समुचित शिक्षण सामाग्रीको उचित मात्रामा प्रदर्शन र प्रयोग हुन सके शिक्षण अझै प्रभावकारी हुनुको साथै शिक्षाको राष्ट्रिय उद्देश्यले गुणस्तरीय शिक्षाको जुन अपेक्षा गरेको छ, त्यो पूरा हुन सक्छ ।

**मालाकार** (२०३६) स्थानीय स्रोतबाट शैक्षिक सामग्रीको विकास, नामक लेखमा शैक्षिक सामग्रीको माध्यमद्वारा विद्यार्थीहरूले व्यवहारिक शिक्षा हासिल गर्दछन् । राष्ट्रिय शिक्षा पद्धतिको योजना कार्यान्वयनबाट विद्यालयमा विद्यार्थीहरूलाई घोकाउने प्रवृत्ती विस्तारै घट्दै गएको कारणले पनि शै.सा.उपलब्ध गराउन जोड दिइएको हो । र यसको प्रयोगबाट कृयाकलापयुक्त अध्ययन व्यवहारमा आएको छ । सकारात्मक रूपमा शिक्षाको गुणस्तर वृद्धि र निर्माणको लागि शैक्षिक सामग्रीको अत्यन्त ठूलो भूमिका छ । शिक्षाको केन्द्रविन्दु नै विद्यार्थी भएकोले शिक्षकले कक्षामा अनुकूल वातावरण सृजना गरी अध्ययन कार्य सफल पार्न विषय अनुसारका विभिन्न प्रकारका शैक्षिक सामग्रीको प्रयोग अति आवश्यक छ । शैक्षिक सामग्री भन्दा कुनै पनि सामग्रीलाई लिन सकिन्छ । जसको प्रयोगबाट विद्यार्थीले सिकेका कुरा उनीहरूको मनमा चिरस्थायी राख्न मद्दत होस्, उनीहरू सार्थक र व्यवहारिक ज्ञान प्राप्त गरुन्, सृजनात्मक प्रतिभाको विकास गर्न सकुन, विद्यार्थीले अध्ययन क्रियाकलापमा अभिरुची बढाइ सोच्ने बानी बसाल्नुका साथै पठन-पाठन क्रियाकलापमा शिक्षक र विद्यार्थीको संलग्नता बढ्न सकोस् भन्ने धारणाका साथ शैक्षिक सामग्रीको प्रयोगमा जोड दिएको छ । आर्थिक दृष्टिकोणले पिछडिएको हाम्रो जस्तो विकासोन्मुख राष्ट्रमा शैक्षिक सामग्रीको प्रयोग अनावश्यक आर्थिक बोझ हो भन्ने भनाइ कहीँ कहीँ सुनिन्छ । हुन पनि यदि विद्यालयहरूमा रहेको शैक्षिक सामग्रीतिर ध्यान दिने हो भने हामीले धेरै सामग्री विदेशी हुनका साथै खर्चिला पनि पाउँछौँ । जसले गर्दा धेरै कम शिक्षकले मात्र

प्रयोगमा ल्याएको पाइन्छ । यसरी शैक्षिक सामग्रीमा क्षमताभन्दा बढी खर्च हुनु र त्यसको प्रयोग पनि कम भइदिनाले राष्ट्रिय शिक्षा पद्धतिको योजनाले राखेको उद्देश्य प्राप्तिमा केही बाधा परेको देखिएको छ । यो खोजीनीतिको सिलसिलामा शै.सा.विकासमा स्थानीय स्रोतलाई परिचालन गर्ने प्रयास भइरहेको छ । विदेशी, बढी मोल पर्ने उच्च स्तरका शैक्षिक सामग्रीहरू प्रयोगमा ल्याउनु भन्दा स्थानीय प्रयासबाट निर्मित सुपथ मूल्यको शै.सा.लाई बढी जोड दिनुपर्ने कुरा सर्वमान्य भइसकेको छ । झन् त्यसमा पनि विद्यार्थी र शिक्षक दुवैले मिली संयुक्त प्रयासबाट योजनावद्ध ढङ्गले सुपथ मूल्यमा पाइने स्थानीय सामग्री सरल, चिर परिचित हुनुका साथै सजिलै पाइने हुनाले यस्ता शैक्षिक सामग्रीको सदुपयोगबाट विद्यार्थीहरूमा बढी सकारात्मक प्रभाव पार्दछ ।

## २.३ शैक्षिक उपादेयता

सम्बन्धित साहित्यको सिंहावलोकनबाट **विद्यालय तहमा शैक्षिक सामग्री व्यवस्थापन** विषयमा सम्बन्धित लेख रचनाहरू केके रहेछन् त्यसको अध्ययन गर्ने सवालमा कुन कुन पक्षमा अध्ययन गर्नुपर्दछ, कुन कुन पक्षका तथ्याङ्कहरू सङ्कलन गर्ने, साथै यसभन्दा अगाडिका लेख रचना वा अनुसन्धानको विद्यालय तहमा शैक्षिक सामग्री व्यवस्थापनको लागि अनुसरण गरिएका छन् कि छैनन् भन्ने जस्ता पक्षमा जानकारी हासिल गर्न पनि मद्दत पुग्दछ ।

अध्ययनको सैद्धान्तिक खाकाले यस शोधकार्य विद्यालय तहमा शैक्षिक सामग्री व्यवस्थापन गर्दा केके समस्याहरू आउछन् ती समस्या समाधान गर्नका लागि अध्ययनको सैद्धान्तिक खाकाले सहयोग पुऱ्याउने ठानेको छु । विद्यालयमा भएका शै.सा. प्रयोग, निर्माण, व्यवस्थापनका पक्षहरूलाई समेटि अलग-अलग क्षेत्रमा गरिएका महत्त्वपूर्ण अध्ययनहरूले देखाएका निष्कर्षहरू र यस अध्ययनका लागि प्राप्त भएका प्राथमिक र द्वितीय तथ्याङ्कहरूको विश्लेषणबाट प्राप्त प्राप्तिहरूलाई तुलना गर्दै अध्ययनकार्यलाई अगाडि बढाउन निष्कर्षमा पुग्न सम्बन्धित साहित्यको अध्ययनले सहयोग पुऱ्याउनेछ । त्यसैगरी आगामी दिनमा शिक्षासँग सम्बन्धित कस्ता कस्ता कार्यक्रमहरू ल्याउँदा सरोकारवालाहरू लाभान्वित हुन्छन् ? र विद्यालयको शै.सा. व्यवस्थापन पक्ष सुदृढ हुन्छ ? भन्ने तर्फ सङ्केत दिन पनि सम्बन्धित शोध अध्ययनले सहयोग पुऱ्याउनेछ । यस अध्ययनले थप अध्ययनको लागि पनि सहयोग पुऱ्याउनेछ । यस अध्ययनले विद्यालय तहमा शै.सा.को स्रोतकेन्द्र कक्षा निर्माणमा सहयोग पुऱ्याउनेछ । विद्यालयमा शै.सा.को व्यवहारिक प्रयोग गर्नको लागि यस अध्ययन सहयोगी बन्नेछ ।

# परिच्छेद - तीन

## अध्ययन विधि

अध्ययन तथा अनुसन्धानका लागि निश्चित योजना तथा रणनीतिको आवश्यकता पर्दछ । पूर्वयोजना अथवा तयारी विना गरिने अनुसन्धान निश्चित लक्ष्य सम्म पुग्न सक्तैन (खनाल, २०६०) । अध्ययन तथा अनुसन्धान एउटा जटिल र महत्त्वपूर्ण कार्य हो । अध्ययन तथा अनुसन्धानबाट नै विषयवस्तुहरूको प्रभावकारीता र समस्याका विषयमा विस्तृत जानकारी लिन र निष्कर्षमा पुग्न सकिन्छ । सुनसरी जिल्लाका विद्यालयहरूमा शैक्षिक सामग्री व्यवस्थापनको अवस्था, व्यवस्थापन गर्दा आइपर्ने समस्या, शै.सा. व्यवस्थापन गर्ने प्रभावकारी तरिका आदिको बारेमा अध्ययन केन्द्रित गरिने हुनाले यस जिल्लाको इटहरी स्रोतकेन्द्रमा गई सम्बन्धित व्यक्तिहरूबाट विभिन्न सामग्रीहरूको माध्यमबाट प्राथमिक तथ्याङ्क सङ्कलन गरिएको छ भने कतिपय तथ्याङ्क द्वितीय स्रोतबाट सङ्कलन गरिएको छ ।

### ३.१ अनुसन्धानात्मक ढाँचा

यो अध्ययन गुणात्मक एवम् परिमाणात्मक ढाँचामा आधारित रहेको छ । प्रस्तुत अध्ययनमा छनोटमा परेका विद्यालयहरूमा गई अध्ययनको उद्देश्य, प्राप्ति र वास्तविकता पत्ता लगाउन प्राप्त गरेका सूचनालाई व्याख्यात्मक र तथ्याङ्कीय ढङ्गले विश्लेषण गरिएको छ ।

| उद्देश्य | साधनहरू | प्रतिक्रियादाताहरू | | | | |
|---|---|---|---|---|---|---|
| | | वि.व्य.स.अध्यक्ष | प्र.अ. | अभिभावक | शिक्षक | विद्यार्थी |
| १. विद्यालयतहमा शैक्षिक सामग्री व्यवस्थापनको स्थिति विश्लेषण गर्ने | अन्तर्वार्ता प्रश्नावली | ✓ | ✓ | ✓ | ✓ | ✓ |
| | अवलोकन फारम | | | | ✓ | ✓ |
| २ विद्यालयतहमा शै.सा. व्यवस्थापन गर्दा आइपर्ने समस्याहरू पत्ता लगाउने | दस्तावेज अध्ययन | विद्यालयको रेकर्ड, शैक्षिक तथ्याङ्क, प्रतिवेदन, बुलेटिन, पुस्तक, पत्रपत्रिका आदि । | | | | |

### ३.२. जनसङ्ख्या

प्रस्तुत अध्ययनमा सुनसरी जिल्ला इटहरी स्रोतकेन्द्रभित्र पर्ने ३० ओटा सामुदायिक विद्यालय मध्ये ५ ओटा सामुदायिक विद्यालयका प्र.अ., शिक्षक, विद्यार्थी, वि.व्य.स.का अध्यक्ष तथा पदाधिकारी, अभिभावक यस अध्ययनका जनसङ्ख्या रहेका छन् ।

### ३.३ नमुना छनोट विधि

प्रस्तुत अध्ययनको नमुना छनोट गर्दा निम्न अनुसारको प्रक्रिया अपनाइएको छ :

(क) **जिल्ला छनोट** : अध्ययनको क्रममा सिमित स्रोत, साधन र समयलाई मध्यनजर गरी सुविधापूर्ण नमुना प्रयोग गरी सुनसरी जिल्लालाई छनोट गरिएको छ ।

(ख) **स्रोतकेन्द्र छनोट** : स्रोतकेन्द्र छनोट गर्दा सुनसरी जिल्लाका १२ वटा स्रोत केन्द्रहरूमध्ये सुविधाजनक नमुना छनौट विधि प्रयोग गरी सुनसरी जिल्लाको इटहरी स्रोतकेन्द्र छनोट गरिएको छ ।

(ग) **विद्यालय छनोट** : सुविधाजनक विधिको प्रयोग गरी सुनसरीका १२ वटा स्रोतकेन्द्रमध्ये इटहरी स्रोतकेन्द्रका ४ वटा मा.वि. र एक वटा प्रा.वि. गरी जम्मा पाँचवटा विद्यालय छनोट गरिएको छ ।

(घ) **विद्यालय व्यवस्थापन अध्यक्ष र सदस्य छनोट** : नमुना छनोटमा परेका सबै विद्यालयका अध्यक्ष वा सदस्य गोलाप्रथाद्वारा एक जनालाई मात्र छनोट गरिएको छ ।

(ङ) **प्रधानाध्यापक छनोट** : नमुना छनोटमा परेका प्रत्येक विद्यालयका प्र.अ. लाई सुविधायुक्त विधि प्रयोग गरी छनोट गरिएको छ ।

(च) **शिक्षक छनोट** : नमुनामा परेका पाँच वटा विद्यालयका शिक्षकहरूमध्ये गोलाप्रथाद्वारा प्रत्येक विद्यालयबाट २ जनाका दरले १० जना शिक्षक छनोट गरिएको छ । चारवटा माध्यमिक विद्यालयमा मा.वि. शिक्षक र १ वटा प्राथमिक विद्यालयमा प्रा.वि. शिक्षकहरू छनोट गरिएको छ ।

**(छ) विद्यार्थी छनोट** : माध्यमिक विद्यालयमा कक्षा ९ र १० बाट १/१ जना गरी जम्मा ८ जना मा.वि.का विद्यार्थी छनोट गरिएको छ भने प्रा.वि.का २ जना विद्यार्थी छनोट गरिएको छ । जम्मा १० जना विद्यार्थीलाई गोला प्रथाद्वारा छनोट गरिएको छ ।

**(ज) अभिभावक छनोट** : प्रत्येक छनोटमा परेका विद्यालयबाट एक/एकजना गरी जम्मा पाँच जना अभिभावकको नाम विद्यालयमा मागी सुविधाजनक विधि प्रयोग गरी अभिभावक छनोट गरिएको छ ।

## ३.४ तथ्याङ्क सङ्कलनको स्रोत

अनुसन्धानका लागि आवश्यक तथ्याङ्कहरू सङ्कलन गर्न मूलतः २ प्रकारका स्रोतहरू प्रयोग गरिएको छ ।

### ३.४.१. प्राथमिक स्रोत

प्राथमिक स्रोत अन्तर्गत प्रत्यक्ष भेटघाट, अन्तर्वार्ता, अवलोकन र छलफल पर्दछन् । यस अध्ययनमा विद्यालयका प्र.अ., विद्यालय व्यवस्थापन समितिका पदाधिकारी, अभिभावक, शिक्षक तथा विद्यार्थीहरूबाट सङ्कलन गरिएका तथ्याङ्क तथा सूचनाहरू प्राथमिक तथ्याङ्कको रूपमा लिइएको छ । यसका लागि अध्ययनकर्ता स्वयंले स्थलगत सर्वेक्षण र अवलोकन गरी कार्य पूरा गरिएको छ । तथ्याङ्क विश्लेषण गर्दा मुख्य आधार प्राथमिक तथ्याङ्कलाई मानिएको छ ।

### ३.४.२. द्वितीय स्रोत

प्राथमिक तथ्याङ्कले मात्र अध्ययन कार्य पूर्ण हुन नसक्ने हुँदा द्वितीय स्रोतको पनि आवश्यकता पर्दछ । यस अध्ययनमा सम्बन्धित विद्यालयको रेकर्ड, शैक्षिक तथ्याङ्क, प्रतिवेदन, बुलेटिन, पुस्तक, पत्रपत्रिका, शोधपत्र एवं राष्ट्रिय एवं अन्तर्राष्ट्रिय स्तरका शिक्षा सम्बन्धी लेख रचना आदिबाट प्राप्त तथ्याङ्कलाई द्वितीय स्रोतको रूपमा लिइएको छ ।

### ३.५ अध्ययन साधनको निर्माण

यस अध्ययनका लागि निर्दिष्ट गरिएका उद्देश्यहरू पूरा गर्नका निमित्त निम्न साधनहरूको विकास गरी उपयोगमा ल्याइएको छ ।

#### ३.५.१ अवलोकन फारम (रुजुसूची )

नमुना छनोटमा परेका विद्यालयहरूको शै.सा.को सङ्कलन, प्रयोग र भण्डारणबारे तथ्याङ्क सङ्कलन गर्न रुजुसुची फारम (अनुसुची १) प्रयोग गरी त्यसको आधारमा स्थलगत अवलोकन गरिएको छ ।

#### ३.५.२ अन्तर्वार्ता प्रश्नावली

यस अध्ययनका लागि नमुना छनोटमा परेका विद्यालयहरूका प्र.अ., विद्यालय व्यवस्थापन समितिका पदाधिकारी, शिक्षक, अभिभावक र विद्यार्थीहरूका धारणा बुझ्नका लागि छुट्टा छुट्टै अन्तवार्ता प्रश्नावलीहरू (अनुसुची २,३,४,५ र ६) मा समावेश गरिएको छ ।

### ३.६ साधनहरूको वैधता र विश्वसनियता

अध्ययन अनुसन्धान गर्नका लागि बनाइएका साधनहरूको वैधता निर्धारण गर्नका लागि साधनहरूको निर्माण गरी निर्देशकको सल्लाह तथा छलफलद्वारा अन्तिम रूप प्रदान गरी वैधता निर्धारण गरिएको छ ।

### ३.७ तथ्याङ्क सङ्कलन प्रक्रिया

छनोटमा परेका विद्यालयहरूमा स्वयम् शोधकर्ता उपस्थित भई प्राथमिक तथ्याङ्क सङ्कलनका लागि पाँचवटै विद्यालयका छनोट गरिएका प्र.अ., शिक्षक, विद्यार्थी, विद्यालय व्यवस्थापन समितिका सदस्यसँग छुट्टाछुट्टै छलफल, अन्तर्वार्ता गर्नुका साथै पूर्व निर्मित प्रश्नावलीको समेत प्रयोग गरी अन्तर्वाता लिइएको छ । साथै विद्यालयमा भएका शै.सा.को व्यवस्थापन भण्डारण सम्बन्धी तथ्याङ्कहरू सङ्कलन गरिएको छ ।

## ३.८ तथ्याङ्कको विश्लेषण र व्याख्या प्रक्रिया

अध्ययन अनुसन्धानको गहन एवम् महत्त्वपूर्ण अङ्गको रूपमा तथ्याङ्क विश्लेषणलाई लिइन्छ । यो अध्ययन गुणात्मक र परिमाणात्मक अध्ययन भएको हुदा सम्बन्धित विद्यालय तथा अनुसन्धानकर्ताले शिक्षक, विद्यार्थी, विद्यालय व्यवस्थापन समितिका पदाधिकारी, अभिभावकबाट प्राथमिक तथ्याङ्क तथा द्वितीय स्रोतबाट प्राप्त गरिएको तथ्याङ्कहरूलाई वर्णनात्मक तरिकाले व्याख्या विश्लेषण गरिएको छ ।

प्राथमिक तथ्याङ्क प्राप्त गर्न शोधकर्ता आफै विद्यालयमा उपस्थित भएर अनुसूची (२,३,४, ५ र ६) को आधारमा अन्तर्वाता प्रश्नावली मार्फत् शैक्षिक सामग्री निर्माण वा सङ्कलन कसरी गर्ने भनिएको छ त्यसैगरी गरिएको छ । विद्यालयहरूमा शैक्षिक सामग्रीको अवस्था कस्तो छ, ती सामग्रीहरू कसरी भण्डारण गरिएका छन् ? कसरी व्यवस्थित गरेर राख्ने गरिएको छ भन्ने आधारमा तथ्याङ्क सङ्कलन गरिनेछ र तीनवटै तथ्याङ्कहरूको आधारमा समस्याहरू केके रहेछन् ? शैक्षिक सामग्री व्यवस्थापन प्रभावकारी रूपमा गर्न केके गर्नुपर्ला भन्ने कुराको व्याख्या विश्लेषण गरिएको छ ।

द्वितीय स्रोत विद्यालय सुधार योजना, विद्यालय अभिलेख र दस्तावेज प्रत्येक विद्यालयबाट लिएर यसमा उल्लेखित शैक्षिक सामग्री, पुस्तकालय, विज्ञान प्रयोगशालाको अवस्थाको बारेमा तथ्याङ्कहरू लिई प्राप्त तथ्याङ्कहरूको आधारमा प्रस्तुतीकरण, व्याख्या र विश्लेषण गरिएको छ ।

## परिच्छेद - चार

## तथ्याङ्कको विश्लेषण र व्याख्या

शोधपत्र तयारीका लागि सुनसरी जिल्ला, इटहरी नगरपालिकाका पाँच वटा सामुदायिक विद्यालयतहमा शैक्षिक सामग्रीको व्यवस्थापनको स्थितिको वास्तविक जानकारी हासिल गर्न अभिभावकबाट प्राप्त तथ्याङ्कलाई अवलोकन फारम तयार पारी प्रत्यक्ष अवलोकन र विद्यालयको विद्यालय सुधार योजनाबाट लिएको तथ्याङ्कलाई समेत उपयोग गरिएको थियो । विद्यालयमा भएका शै.सा. र संरक्षण, सङ्कलन र प्रयोग गर्न चालिएका र चालिनु पर्ने कदमका लागि विद्यालयको प्र.अ., शिक्षक, विद्यार्थी, अभिभावक, वि.व्य.स. सँग छुट्टाछुट्टै प्रश्नावली तयार गरी त्यसको आधारमा तथ्याङ्कको सङ्कलन गरिएको थियो । यसरी प्राप्त प्राथमिक र द्वितिय तथ्याङ्कलाई तोकिएका उद्देश्यहरूको आधारमा निम्नानुसार विश्लेषण र व्याख्या  गरिएको छ :

### ४.१ विद्यालय तहमा शैक्षिक सामग्री व्यवस्थापनको स्थिति विश्लेषण

#### ४.१.१ विद्यालयमा भएका शै.सा.हरू

हाम्रो देशमा राष्ट्रिय शिक्षा पद्धतिको योजना (२०२८) प्रादुर्भाव भएपछि मात्र विद्यालय शिक्षणमा शैक्षिक सामग्रीको आवश्यकता अनुभव गरिएको हो । रा.शि.प.(२०२८) ले स्पष्ट रूपमा लेखेको छ आधुनिक वैज्ञानिक ढङ्गको शिक्षणको लागि सकेसम्म बढी शैक्षिक सामग्री तयार गर्नको लागि नमुना सहितको निर्देशन तयार पारी वितरण गर्नेछ । यो निर्देशन पुस्तिकाहरूले कस्ता सामागी कसरी तयार पार्ने भन्ने कुरामा निर्देशन दिने छ, शिक्षकहरूलाई आफैँ शैक्षिक सामग्री तयार पार्न सक्ने बनाउनको लागि तालिमको व्यवस्था गरिनेछ ।

शोधपत्र निर्माणका लागि छनोट गरिएका विद्यालयहरू श्री जनता उ.मा.वि. इटहरी-१, , श्री कचना महादेव मा.वि. इटहरी-४, श्री कविर मा.वि. इटहरी-१, श्री ज्योति मा.वि. इटहरी-५ र श्री रक्तमाला प्रा.वि. इटहरी-५ मा स्थलगत सर्वेक्षण गरी विद्यालयको अभिलेखका आधारमा विद्यालयमा भएका शै.सा.हरूलाई तलको तालिकामा प्रस्तुत गरिएको छ :

माथि उल्लेखित तालिकाको विश्लेषण गर्दा पाँचवटै विद्यालयमा भएका शै.सा.को अवस्था हेर्दा सन्तोषजनक नै देखिन्छ । प्राय सबै विद्यालयमा पुस्तकालय, कम्प्युटर र प्रयोगशाला रहेको छ । एउटा श्री रक्तमाला प्रा.वि.मा मात्र नभएको देखियो । पाठ्यक्रम, विषय विस्तृतीकरण तालिका सम्पूर्ण विषयको तहगत रूपमा र विषयगत रूपमा सबै विद्यालयमा पाइयो । अध्ययन गरिएका विद्यालयका सम्पूर्ण शिक्षकहरूमा शिक्षक नोट पाइएन ।

अध्ययन गरिएका विद्यालयहरूमा सेतो बोर्ड र कालो पाटी दुवै बराबर भएको पाइयो । आजको वैज्ञानिक युगमा विद्यार्थीहरूले कम्प्युटरबाट शिक्षा लिएको अवस्था स्थलगत अध्ययनबाट प्राप्त भयो । शहरी क्षेत्रका सबै विद्यालयहरूमा पुस्तकालय प्रयोगशालाको व्यवस्था भएको देखिन्छ ।

### ४.१.२ अध्ययन गरिएका विद्यालयको पुस्तकालयको अवस्था

तालिका नं. २

विद्यालयमा पुस्तकालय विवरण

| क्र.सं. | विवरण | सङ्ख्या | प्रतिशत |
|---|---|---|---|
| १ | पुस्तकालय छ | ४ | ८० |
| २ | पुस्तकालय छैन | १ | २० |
| | जम्मा | ५ | १०० |

स्रोत : स्थलगत सर्वेक्षण, २०७०

माथि उल्लेखित तालिकाको विश्लेषण गर्दा छनोटमा परेका पाँचवटा सामुदायिक विद्यालयमा जम्मा एउटा विद्यालयमा मात्र पुस्तकालय छैन । शै.सा. कम हुनुमा पुस्तकालयको अभावले पनि पुस्तकहरू कम रहेको अध्ययन अवलोकनबाट पाइयो ।

यस तालिकाबाट शहरी भेगका विद्यालयहरूमा पुस्तकालयको अभाव नभएको देखिन्छ । एउटा विद्यालय श्री रक्तमाला प्रा.वि.मा मात्र अनिवार्य पुस्तकालयको व्यवस्था गर्नुपर्ने देखिन्छ ।

### ४.१.३ अध्ययन गरिएका विद्यालयको पुस्तकालयमा रहेका पुस्तकको विवरण

तालिका नं. ३

पुस्तकको विवरण

| क.सं. | विवरण | सङ्ख्या | प्रतिशत |
|---|---|---|---|
| १ | प्रयोग गर्न नसकिने पुस्तक | २३८ | १० |
| २ | प्रयोग गर्न सकिने पुस्तक | २१४२ | ९० |
| | जम्मा | २३८० | १००% |

स्रोत : स्थलगत सर्वेक्षण, २०७०

विद्यालयमा भएका पुस्तकहरूको अवस्था हेर्दा १०% किताबहरू पुराना च्यातिएका धमिराले खाएका प्रयोग गर्न नसकिने अवस्थामा पाइयो भने ९० प्रतिशत किताब प्रयोग गर्न सकिने अवस्थामा पाइयो ।

अध्ययन गरिएका विद्यालयहरूमा पुस्तकहरूको कमी नभए पनि प्रयोग गर्न नमिल्ने अवस्थामा केही पुस्तक पाइयो ।

### ४.१.४ अध्ययन क्षेत्रका विद्यालयहरूमा भएका कम्प्युटर प्रयोगको अवस्था

तालिका नं. ४

कम्प्युटर प्रयोगको अवस्था

| क.सं. | विवरण | सङ्ख्या | प्रतिशत |
|---|---|---|---|
| १ | कम्प्युटर प्रयोग गर्ने विद्यार्थी | ८ | ८० |
| २ | कम्प्युटर प्रयोग नगर्ने विद्यार्थी | २ | २० |
| | जम्मा | १० | १०० |

स्रोत : स्थलगत सर्वेक्षण, २०७०

माथिको तालिकाले अवलोकन गरिएका विद्यालयका विद्यार्थीले कम्प्युटर शिक्षा पर्याप्त मात्रामा पाएको देखियो । आजको युगमा सम्पूर्ण काम कम्प्युटरबाट हुन्छ तर छनोटमा परेको एउटा रक्तमाला प्रा.वि.ले कम्प्युटर शिक्षाको व्यवस्था गरेको छैन । अध्ययन

गरिएका विद्यालयका ८०% विद्यार्थीले कम्प्युटर शिक्षा पाएका छन् । अध्ययनबाट सबै विद्यालयहरूले चाँडै यसको प्रयोग विद्यार्थीहरूलाई गराउनु पर्ने देखिन्छ ।

### ४.१.५ शैक्षिक सामग्री निर्माण प्रक्रियाको व्यवस्थापन

तालिका नं. ५
शैक्षिक सामग्री निर्माण

| क.सं. | विवरण | सङ्ख्या | प्रतिशत |
|---|---|---|---|
| १ | केन्द्रिय स्तरमा | १० | ५० |
| २ | स्थानीय स्तरमा | ४ | २० |
| ३ | दुवैको मिलेमतोमा | ६ | ३० |
|  | जम्मा | २० | १०० |

स्रोत : स्थलगत सर्वेक्षण, २०७०

शैक्षिक सामग्री कसले निर्माण गर्नुपर्छ भनी प्र.अ., शिक्षक र वि.व्य.स.का पदाधिकारीलाई अन्तर्वार्तामा सोधिएको प्रश्नको प्रतिक्रियाबाट केन्द्रले नै निर्माण गर्नुपर्छ भन्नेमा बढी मत पाइयो । पाठ्यपुस्तक तयार गर्दा नै केन्द्रले पाठ्यपुस्तकसँगै सम्बन्धित शैक्षिक सामग्री तयार गर्नुपर्ने देखिन्छ ।

छनोटमा परेका पाँचवटै विद्यालयहरूमा सबै प्रकारका स्थानीय स्रोत एवम् साधनहरूको प्रयोग गरी शै.सा. निर्माण गरेको कम पाइयो । शिक्षा नियमावली (२०५९)ले स्पष्ट किटान गरी के कस्ता शै.सा. विद्यालय स्वयम्ले र के कस्ता शिक्षण सामग्री राज्यले निर्माण गर्ने भन्ने स्पष्टता नभए पनि केन्द्रीय तह र स्थानीय तह गरी दुई तरीकाबाट आवश्यक सामग्रीको निर्माण गर्नुपर्छ । केन्द्रीयतहमा पाठ्यक्रम विकास केन्द्र, शैक्षिक जनशक्ति तालिम केन्द्र, अनौपचारिक शिक्षा केन्द्र, शिक्षा विभाग रहेको पाइयो भने स्थानीय तहमा क्षे.शि.नी., जि.शि.का. एवम् सम्बन्धित विद्यालय रहेको पाइयो ।

केन्द्रीय तहबाट निर्मित सामग्रीहरू समयमै उपलब्ध हुन नसकेकोले विद्यालय एवम् विद्यार्थीहरू शैक्षिक सत्रको शुरुमा अन्योलमा पर्ने गरेको पाइयो । यस अध्ययनको क्षेत्रभित्र छुट्टै निर्माण एवम् सङ्कलन कक्ष रहेको पाइएन ।


### ४.१.६ शैक्षिक सामग्रीको व्यवस्थापनको स्थिति

तालिका नं. ६
शैक्षिक सामग्री व्यवस्थापनको स्थिति

| क्र.सं. | विवरण | सङ्ख्या | प्रतिशत |
|---|---|---|---|
| १ | उत्तम | १ | २० |
| २ | मध्यम | ३ | ६० |
| ३ | निम्न | १ | २० |
| | जम्मा | ५ | १०० |

स्रोत : स्थलगत सर्वेक्षण, २०७०

चित्र नं. १




प्रस्तुत तालिकालाई हेर्दा अध्ययन गरिएका विद्यालयमा शैक्षिक सामग्रीको व्यवस्थापन मध्यम अवस्थामा बढी रहेको पाइयो । विद्यालयका शै.सा. व्यवस्थापन कार्य मध्यम रहेको छ । विद्यालयमा भएका शैक्षिक सामग्रीलाई अझ उत्तम तरिकाले व्यवस्थापन गर्नुपर्ने देखिन्छ । शै.सा.को व्यवस्थापन पक्षलाई सम्पूर्ण पक्षले अझ बढी ध्यान दिनुपर्ने देखिन्छ ।

### ४.२ विद्यालयमा शै.सा. व्यवस्थापन गर्दा आइपर्ने समस्याहरू

शैक्षिक सामग्रीको व्यवस्थापन भन्नाले पाठ्यक्रममा उल्लेखित शैक्षिक सामग्रीहरूलाई विद्यालयमा उपलब्ध गराउनु वा गर्नु ती उपलब्ध सामग्रीलाई विभिन्न तरिका (पृथकीकरण, विषयीकरण, तालिकीकरण, सूचीकरण) अपनाएर संरक्षण वा भण्डारण गर्न र कक्षा कोठामा वा अन्य ठाउँमा आवश्यक परेको बेलामा उपयुक्त किसिमले प्रयोग गर्न र पुनः प्रयोगमा आउने वस्तुहरूलाई उपयुक्त ठाउँमा गुणस्तर नबिग्रीने गरी चाहिएको बेला फेरी प्राप्त हुने गरी मिलाएर राख्नु नै शैक्षिक सामग्रीको व्यवस्थापन हो । शै.सा.को व्यवस्थापन गर्दा आइपर्ने समस्यालाई निम्न उपशिर्षक भित्र रहेर अध्ययन गरिएको छ ।

### ४.२.१ विद्यालयमा शै.सा. कम हुने कारण

क) शिक्षकहरूको व्यवस्थापन समयमा नहुनु : शिक्षा ऐन (२०२८) तथा शिक्षा नियमावली (२०५९), तेस्रो संशोधन (२०६३) का अनुसार शिक्षक व्यवस्थापन सम्बन्धी कार्यहरू समयमा नै हुन नसक्ने गरेकाले शैक्षिक सामग्रीको निर्माण तथा प्रयोग न्यून हुने गरेको पाइयो ।

ख) विद्यालय व्यवस्थापन समिति कामप्रति उत्तरदायी नहुनु : विद्यालयको चौतर्फी विकासका लागि महत्त्वपूर्ण जिम्मेवारी निर्वाह गर्नुपर्ने विद्यालय व्यवस्थापन समितिले आफ्नो काम कर्तव्य र अधिकार बहन गर्न नसकेको अवस्था छ भनी शिक्षक, विद्यार्थी तथा प्र.अ.हरूको भनाइ पाइन्छ । विद्यालयमा शैक्षिक व्यवस्थापनको लागि निर्माण भएको विद्यालय व्यवस्थापन समिति, विद्यालयको योजना निर्माण, सङ्गठन, निर्देशन र नियन्त्रण जस्ता कार्यप्रति अनविज्ञ भई राजनीतिक हिसाबले आफ्नो प्रभुत्व जमाउन खोज्ने खालको रहेको शिक्षकहरू बताउँछन् ।

ग) शिक्षकको नियुक्तिमा राजनीतिकरण हुनु : शिक्षण सिकाइका क्षेत्रमा जिम्मेवार भूमिका निर्वाह गर्ने शिक्षकको नियुक्ति राजनीतिक दबावका आधारमा हुने भएकोले तालिमप्राप्त, योग्य, सक्षम, शिक्षकको नियुक्ति नहुने भएकाले शैक्षिक सामाग्री निर्माणमा समस्या भएको गुनासो अभिभावक, विद्यार्थी, शिक्षकहरू बताउछन् ।

घ) शिक्षकहरूलाई तालिमको अभाव : पाठ्यक्रम परिमार्जनसँगै शिक्षकहरूलाई पनि पुर्नताजगी तालिमको व्यवस्था गर्नुपर्छ । शिक्षकलाई कम मूल्य पर्ने, मूल्य नपर्ने खालका स्थानीय स्तरमा भएका सामग्री प्रयोग गरी निर्माण गर्ने तालिमको व्यवस्था हुनुपर्ने । विषयगत तालिमको व्यवस्था गर्नुपर्ने धारणा शिक्षकहरूको छ ।

ङ) आर्थिक अभाव : शै.सा. विद्यालयमा कम हुनुको कारण आर्थिक अभाव पनि रहेको गुनासो अध्ययन अवधिमा पाइयो । सरकारले शै.सा.मा दिएको खर्च विद्यालयका कर्मचारीको व्यवस्थापनमा खर्च गरिन्छ । आधुनिक किसिमका सामग्री राख्न बढी खर्चिलो हुन्छ । अध्ययन गरिएका सम्पूर्ण विद्यालयमा यस्तै अभाव थियो ।

च) भौतिक अभाव : शैक्षिक सामग्री अध्ययन गरिएका विद्यालयमा थोर बहुत भौतिक सामग्रीको अभाव देखिन्छ । हाम्रा विद्यालयमा विद्यार्थीहरूलाई कक्षा कोठा ठिक्क छ, प्रशस्त दराज छन् । व्यवस्थीत र्‍याक छैनन । त्यसैकारणले छुट्टै लाइब्रेरी, प्रयोगशाला, पुस्तकालय बनाउन सकिएको छैन । यसरी छुट्टै प्रयोगशाला, पुस्तकालय, लाइब्रेरी बनाउन भौतिक समस्या पनि रहेको अवधारणा अध्ययनको क्रममा पाइयो ।

छ) समयमा पाठ्यपुस्तक तथा पाठ्यक्रम उपलब्ध नहुनु : शिक्षण सिकाइको लागि अति आवश्यक पर्ने पाठ्यपुस्तक र पाठ्यक्रम समयमा नहुने भएकाले शै.सा.निर्माण र खरिदमा असर पर्दछ । यो पनि एउटा कारण भएको अवलोकन अध्ययनको क्रममा तथा शिक्षक विद्यार्थीको अन्तरक्रियाबाट प्राप्त भयो ।

ज) अनुदानको अभाव : शै.सा.को लागि अनुदानको अभाव देखिन्छ । विद्यालयमा जि.शि.का.बाट पाएको अनुदान विद्यालयका कर्मचारीको व्यवस्थापनमा खर्च भएको जानकारी प्र.अ.बाट प्राप्त भयो । सरकारी विद्यालयमा विद्यार्थीबाट थप रकम उठाइदैन । त्यसकारणले गर्दा शै.सा.को लागि अनुदानको अभाव रहेको प्रतिक्रिया अध्ययनको क्रममा पाइयो ।

### ४.२.२ पुस्तकको व्यवस्थापनको अवस्था


तालिका नं. ७

पुस्तक व्यवस्थापनको अवस्था

| क्र.सं. | विवरण | सङ्ख्या | प्रतिशत |
|---|---|---|---|
| १ | कोड गरेर दराजमा राखेका पुस्तक | ११९० | ५० |
| २ | कोड नगरी दराजमा राखेका पुस्तक | ८३३ | ३५ |
| ३ | अव्यवस्थित छरिएर रहेका पुस्तक | ३५७ | १५ |
| | जम्मा | २३८० | १०० |

स्रोत : स्थलगत सर्वेक्षण, २०७०

चित्र नं. २




प्रस्तुत तालिकालाई हेर्दा अध्ययन गरिएका विद्यालयमा भएका पुस्तकहरू ५०% लाई मात्र कोड गरेर व्यवस्थापन गरेको पाइयो भने ३५% किताबहरू दराजमा राखेको पाइयो । १५% किताबहरू टेबलमा वा यत्रतत्र दराजको टाउकोमा भुईंमा थुपारेर राखेको पाइयो । यसरी कोड नगरेकाले पुस्तकहरू खोजेको बेलामा चाहिएको पुस्तक पाउन गाह्रो परेको राय शिक्षकहरूको थियो ।

स्थलगत अध्ययनबाट विद्यालयमा भएका पुस्तकहरूलाई कोड गरेर पारदर्शी र्‍याकमा राख्नुपर्ने देखिन्छ । त्यसो गरेको खण्डमा खोजेको समयमा सजिलै पाउन सकिन्छ ।

### ४.२.३ तालिम सम्बन्धी समस्या

स्थलगत अध्ययन गर्दा शैक्षिक सामाग्री व्यवस्थापनको तालिमको अवस्था यस्तो रहेको पाइयो ।

तालिका नं. ८
तालिम सम्बन्धी अवस्था

| क्र.सं. | विवरण | सङ्ख्या | प्रतिशत |
|---|---|---|---|
| १ | व्यवस्थापन सम्बन्धी तालिम लिएका शिक्षक | ६ | ४० |
| २ | व्यवस्थापन सम्बन्धी तालिम नलिएका शिक्षक | ९ | ६० |
| | जम्मा | १५ | १०० |

स्रोत : स्थलगत सर्वेक्षण, २०७०

शिक्षकहरूसँगको अन्तरक्रियाबाट र अवलोकनबाट अध्ययन गरिएका विद्यालयहरूमा शै.सा. व्यवस्थापन सम्बन्धी तालिम लिने शिक्षकहरू ४०% र शै.सा. व्यवस्थापन सम्बन्धी तालिम नलिने शिक्षकहरू ६०% पाइयो ।

शिक्षकहरूले अन्य तालिम प्राप्त गरे पनि शै.सा. व्यवस्थापन सम्बन्धी तालिमको बारेमा कम प्राप्त गरेको अध्ययनको क्रममा पाइयो । शिक्षक नै तालिमप्राप्त कम भएकाले व्यवस्थापन पक्ष राम्रो हुन नसकेको देखिन्छ । विद्यालयका शिक्षक र कर्मचारीलाई शै.सा. व्यवस्थापन सम्बन्धी तालिमको व्यवस्था गर्नुपर्ने अध्ययनको क्रममा पाइयो ।

### ४.२.४ शैक्षिक सामग्री व्यवस्थापनको अनुगमन सम्बन्धी समस्या


शै.सा. व्यवस्थापनको अनुगमनको अवस्था यस्तो रहेको पाइयो :

तालिका नं. ९
शै.सा. व्यवस्थापनको अनुगमन

| क्र.सं. | विवरण | सङ्ख्या | प्रतिशत |
|---|---|---|---|
| १ | छ | १० | ५० |
| २ | छैन | २ | १० |
| ३ | यो त प्र.अ.को काम हो | ६ | ३० |
| ४ | यो त वि.व्य.स.को काम हो | २ | १० |
| | जम्मा | २० | १०० |

स्रोत : स्थलगत सर्वेक्षण, २०७०

चित्र नं. ३




माथिको तालिकालाई विश्लेषण गर्दा विद्यालय तहमा भएका शै.सा. व्यवस्थापनको अनुगमनको अध्ययन गर्दा अनुगमन भइरहेकै देखिन्छ । स्रोतकेन्द्रका स्रोत व्यक्ति लगायत जि.शि.का.का कर्मचारीहरूले पनि बेलाबेलामा अनुगमन गर्ने गरेको पाइयो । स्थलगत अध्ययनबाट माथिल्लो निकायले अझ बढी शै.सा.को व्यावस्थापनको अनुगमन गर्नुपर्ने देखिन्छ ।

### ४.२.५ कक्षा कार्यभार सम्बन्धी विवरण

मानवीय संसाधनको व्यवस्थापन भित्र शिक्षकहरूको कार्यभारसम्बन्धी व्यवस्था महत्त्वपूर्ण पाटो हो । शिक्षा नियमावली २०५९ को तेस्रो संशोधन २०६३ ले सामुदायिक विद्यालयमा कार्यरत शिक्षकले प्रति हप्ता कम्तीमा २४ वटा पिरियडको कक्षा अनिवार्य रूपमा लिनुपर्ने कानुनी व्यवस्था गरेको छ ।

अध्ययन गरिएका विद्यालयहरूमा कार्यरत ६०% शिक्षकहरू शिक्षा नियमावलीले तोकेभन्दा अधिक कक्षा कार्यभार लिइरहेको पाइयो भने न्यूनतम र उपयुक्त कार्यभार हुनेहरू ४०% पाइयो । कक्षा कार्यभार बढी हुँदा शिक्षकहरूको उत्प्रेरणा, कार्यक्षमतामा प्रभाव पर्ने एवम् त्यसले शैक्षिक सामग्री व्यवस्थापनलाई प्रभाव पार्न सक्ने देखिन्छ ।

शिक्षण संस्थामा कार्यरत शिक्षक तथा कर्मचारीहरूलाई वैज्ञानिक ढङ्गबाट कामको बाँडफाँड गरियो र बढी काम गर्नेलाई बढी ज्याला एवम् भत्ता दिइयो भने तिनीहरूको कार्यशैलीमा प्रभाव पर्ने टेलरको वैज्ञानिक व्यवस्थापनको सिद्धान्तका आधारमा विश्लेषण गर्न सकिन्छ ।

### ४.३ शैक्षिक सामग्रीको व्यवस्थापनले शिक्षण सिकाइमा पारेको प्रभाव

विद्यालयको शिक्षणलाई विद्यार्थीहरूको दिमागमा सधैँ टिकाउ गराइराख्नका लागि शैक्षिक सामग्रीको महत्त्वपूर्ण प्रभाव परेको हुन्छ । विषयवस्तुको बारेमा बिर्सन आटेको बेलामा पनि शिक्षकले मैले यो पाठ पढाउदा यो शैक्षिक सामग्री प्रयोग गरेको थिएँ भन्ने बित्तिकै शैक्षिक सामग्रीलाई सम्झेर विद्यार्थीले विषयवस्तुलाई पुनः स्मरण गर्न सक्दछ । एउटा चाइनिज उखान छ "एउटा शैक्षिक सामग्रीले हजारवटा शब्दको काम गर्दछ ।" त्यसो भएको हुनाले शिक्षण सिकाइ क्रियाकलापलाई मूर्त रूप दिन र सिकाइलाई लामो समयसम्म टिकाइराख्नका लागि शैक्षिक सामग्रीको प्रभाव परिरहेको हुन्छ ।

शैक्षिक सामग्रीको प्रभावलाई निम्न अनुसारका व्यक्तिहरूको अवधारणाबाट प्रष्ट पार्न सकिन्छ :

#### ४.३.१ प्र.अ. तथा शिक्षकहरूको अवधारणा

शैक्षिक सामग्रीको प्रभाव यति धेरै पर्दछ कि विद्यार्थीहरूले शैक्षिक सामग्रीलाई सम्झिएर पढाएको विषयवस्तुलाई लामो अवधीसम्म जानिराखेका हुन्छन् । शैक्षिक सामग्रीले सिकाइमा मूर्त रूप ल्याउने काम गर्दछ । त्यसो भएको हुनाले शिक्षण सिकाइ प्रक्रियामा शैक्षिक सामग्रीको प्रभाव दिनानुदिन बढ्दै गइरहेको छ ।

#### ४.३.२ विद्यार्थीहरूको धारणा

कुनै पनि शैक्षिक सामग्री प्रयोग गरेर पढाएको विषयवस्तु छिटो र प्रष्ट बुझिने कुरा विद्यार्थीहरू बताउँछन् । उनीहरूका अनुसार विषयवस्तुका बारेमा प्रयोग गरिएको शैक्षिक सामग्रीले हाम्रो सिकाइलाई व्यवहारिक बनाउँछ । त्यसैले शिक्षण सिकाइ प्रक्रियामा शैक्षिक सामग्रीले महत्त्वपूर्ण प्रभाव पारेको बताउँछन् ।

### ४.३.३ अभिभावकहरूको धारणा

बालबालिकाहरूको सिकाइलाई जीवनपर्यन्त र व्यवहारिक बनाउनका लागि शैक्षिक सामग्रीले महत्त्वपूर्ण प्रभाव अवलम्बन गरेको हुन्छ । सुनेका र पढेका कुरा छोटो अवधिमा बिर्सन सकिन्छ तर प्रत्यक्ष मूर्त रूपमा देखेको शैक्षिक सामग्री लामो अवधिसम्म पनि सम्झिरहने भएकाले शिक्षण सिकाइ प्रक्रियामा शैक्षिक सामग्रीको महत्त्वपूर्ण स्थान रहेको कुरा अभिभावकहरू बताउँछन् ।

# परिच्छेद - पाँच

# प्राप्ति, निष्कर्ष र सुझाव

## ५.१ प्राप्ति

यस अध्ययनलाई मानव सम्बन्धसिद्धान्तको खाकाबाट अध्ययन गरिएको थियो । विद्यालय तहमा शैक्षिक सामग्रीको व्यवस्थापनमा प्रभावकारीता ल्याउनको लागि वि.व्य.स.का पदाधिकारीहरू, प्र.अ., अभिभावक, शिक्षक, कर्मचारीहरू र विद्यार्थीहरूको बीचमा सुमधुर सम्बन्ध स्थापित भएमा सहयोग पुग्ने देखियो । कुनै पनि संगठनमा कार्य गर्नेको बीचमा मानव सम्बन्ध राम्रो नभए कार्य सम्पादन ढिलो, नराम्रो र कम गुणस्तरीय हुने कुरालाई यस खाकाले औँल्याएको छ । यदि विद्यालयमा कार्यरत सबै पक्ष मिलेर साझा उद्देश्यहरू पूर्ति गर्नु छ भने एकले अर्कोलाई चिन्ने र सहयोग गर्नैपर्छ । यसअनुसार मानव सम्बन्ध यस्तो कला हो जो व्यवस्थापकले अनुभव र प्रयोगलाई इन्कार गर्न सकिन्दैन ।

यस अध्ययनलाई मनोवैज्ञानिक स्कीनरद्वारा कार्यमूलक अभ्यस्थताको पुनर्वलिय सिकाई सिद्धान्तको खाकाबाट समेत हेर्ने जमर्को गरिएको थियो । जसरी पुनर्वललाई निरन्तर र थोरै समयको अन्तरालमा दिन सकेको खण्डमा सिकाई हुने कुरा उल्लेख गरेका छन् । त्यसैगरी विद्यालयमा शिक्षण सिकाइ क्रियाकलापमा विद्यार्थीको चाहना अनुसारको शैक्षिक सामग्रीको सही किसिमले प्रयोग गर्न सकेको खण्डमा जिज्ञासा बढ्न गई सिकाई दिगो र चिरस्थायी बनाउन मद्दत पुग्छ । यिनै सिद्धान्तका आधारमा शिक्षक विद्यार्थीको चाहना बुझेर समयमा नै सही उत्प्रेरणा विद्यालयले दिन सकेमा शिक्षक र विद्यार्थीमा सक्रियता वृद्धि भई शैक्षिक सामग्री व्यवस्थापन गर्न सहयोग पुग्दछ भन्ने सैद्धान्तीक खाकासँग प्राप्तिहरूको सम्बन्ध रहेको पाइयो । तथ्याङ्क सङ्कलनबाट प्राप्त तथ्याङ्कको व्याख्या र विश्लेषणबाट निम्न प्राप्तिहरू प्राप्त भएको छ :

१. जि.शि.का.ले अनुगमन, सुपरीवेक्षण, निरीक्षण सन्तोषजनक रूपमा गरेको अभिभावकबाट पाइयो ।

२. तालिमप्राप्त र योग्य शिक्षक वा शैक्षिक सामग्रीको उपयोग साथै प्रयोग कक्षाकोठाको शिक्षण सिकाइ दिगो र स्पष्ट तथा व्यवहारिक एवम् सान्दर्भिक हुने गरेको पाइयो ।

३. शै.सा.को व्यवस्थापन राम्रो भएको खण्डमा शिक्षण उपलब्धि राम्रो हुने गरेको सूचना उत्तरदाताहरूबाट समेत प्राप्त भयो ।

४. विद्यालयमा समय अनुसारका अत्याधुनिक प्रविधिहरूको उपयोग शिक्षण सिकाइ क्रियाकलाप साथै प्रशासनमा सुधार गर्दै लैजानुपर्ने कुरामा सबैले सहमती जनाएको पाइयो ।

५. शै.सा. व्यवस्थापनको लागि विद्यालयको विद्यालय सुधार योजना निर्माण गर्दा वा अन्य योजना बनाउँदा तत्कालिन र दीर्घकालिन योजना बनाउनु पर्ने कुरामा सबै सहमत भएको पाइयो ।

६. कक्षाकोठाको शिक्षण सिकाइ क्रियाकलापलाई व्यवस्थित गर्न शैक्षिक सामग्रीको व्यवस्थापन अत्यावश्यक हो भन्ने कुरामा शिक्षक साथै अभिभावकहरू सहमत भएको पाइयो ।

७. शिक्षकलाई पुरस्कार, बढुवा प्रयोजनको लागि शै.सा.को व्यवस्थापन जसले सही रूपमा गर्दछ त्यसलाई समेत आधार बनाइनु पर्दछ भन्ने प्रतिक्रियाबाट प्राप्त भयो ।

८. विद्यालयको आर्थिक स्रोत मजबुत बनाउन सकेको खण्डमा शैक्षिक गुणस्तर अभिवृद्धि गर्न आवश्यक शैक्षिक सामग्री साथै अन्य क्रियाकलाप सहज रूपमा सञ्चालन गर्न सकिने प्रतिक्रिया प्र.अ.को पाइयो ।

९. प्रत्येक विद्यालयमा एउटा व्यवस्थित पुस्तकालय शैक्षिक सामग्री स्रोत केन्द्र, विज्ञान प्रयोगशाला, लाइब्रेरी निर्माण गर्नुपर्ने प्रतिक्रिया अभिभावक, शिक्षक, विद्यार्थी र प्र.अ.बाट पाइयो ।

१०. पुस्तकालयलाई व्यवस्थित रूपमा राख्नको साथै संरक्षण गर्न तत् सम्बन्धी ज्ञान भएको कर्मचारी राख्नुपर्ने कुरामा सबै सहमत भएको पाइयो ।

११. विद्यालयमा शैक्षिक सामग्री व्यावस्थापन सहीरूपमा गर्नु भनेको कक्षाकोठाको शिक्षण सिकाई क्रियाकलाप व्यवस्थित हुन गई गुणस्तरीय शिक्षा प्रदान गर्न विद्यालयको

सक्षमता विकसित हुनु हो भन्ने पक्षमा विद्यालयमा कार्यरत शिक्षक, प्र.अ., वि.व्य.स., अभिभावक सहमत भएको पाइयो ।

१२. सरकारले शै.सा. व्यवस्थापनको लागि जिम्मेवारी लिएर तत् सम्बन्धी जानकारी लिने साथै रकम विनियोजन गरेको पाइएन र केवल शिक्षकको तलबमात्र सरकारले दिएर शैक्षिक गुणस्तर वृद्धि नहुने प्रतिक्रिया प्र.अ. तथा शिक्षकको पाइयो ।

## ५.२ निष्कर्ष

मानव विकासका लागि सबैभन्दा महत्त्वपूर्ण पक्ष शिक्षा हो । शिक्षालाई आर्थिक, सामाजिक, व्यक्तिगत उन्नति गर्नको लागि आवश्यक जीवनोपयोगी सीप, ज्ञान तथा अनुभव बढाउनको लागि मानिसको सामार्थ्य वृद्धि गर्ने एक शक्तिको रूपमा लिइएको छ । व्यक्ति, समाज र राष्ट्रका लागि शिक्षा सबैभन्दा महत्त्वपूर्ण प्राथमिकता मध्येको एक हो । अहिलेको अवस्थामा शिक्षा क्षेत्रमा नयाँ शैक्षिक प्रविधि एवम् विधिहरूको प्रयोग गरेर मात्र विश्वव्यापीकरणको संसारमा प्रतिस्पर्धा गर्न सक्ने शैक्षिक जनशक्ति उत्पादन गर्न सकिन्छ । शिक्षा क्षेत्रमा विभिन्न अभियान भए पनि यसमा विभिन्न अवरोध तथा सीमाहरू छन् । राज्यले सबैका लागि शिक्षा, निशुल्क शिक्षा, प्रौढ शिक्षा, समावेसी शिक्षा, समाहित शिक्षा जस्ता विभिन्न कार्यक्रमहरू तथा योजनाहरू ल्याए पनि अत्याधिक विद्यार्थी चाप, भौतिक पूर्वाधार कमी, विद्यालयको पहुच, पछौटेपन जस्ता मुलभूत पक्षको अभावका साथ सर्वसुलभ गरिनु पर्ने पाठ्यपुस्तक, शिक्षक निर्देशिका, पाठ्यक्रम, स्वाध्ययन सामग्री, मुद्रित एवम् अप्रकाशित शैक्षिक सामग्री र ठोस र चित्रात्मक सामग्रीको बढी प्रयोग गर्ने र श्रव्यदृश्य सामग्री (भि.डि.यो.) प्रयोग गरी विषयगत, सान्दर्भिकता र प्रभावकारिता दृष्टिगत गरी शिक्षण गरेमा त्यस विषयसँग सम्बन्धित ज्ञान, सीप, एवम् धारणामा अभिवृद्धि हुने देखिन्छ । यस शोधपत्र विद्यालय तहमा शैक्षिक सामग्रीहरूको विश्लेषण गरी शै.सा. व्यवस्थापन गर्दा आइपर्ने समस्या पहिचान गरीएको थियो । विद्यालयमा आर्थिक समस्या, भौतिक समस्या, व्यवस्थापन सम्बन्धी तालिम लिएका शिक्षकको कमी, पुस्तकालयको अभाव, प्रयोगशालाको अभाव रहेको कुरा अन्तर्वार्ताबाट प्राप्त भयो । नमुना विद्यालयका प्र.अ., शिक्षक, विद्यालय व्यवस्थापन समितिका पदाधिकारी, विद्यार्थी तथा अभिभावकहरूले विद्यालयको शै.सा.को खर्च सरकारले बढाउनु पर्ने र कर्मचारीको व्यवस्था गर्नुपर्ने र उर्जा प्रविधिको प्रयोग गरी सम्पूर्ण सामग्रीको व्यवस्थापन गर्नुपर्ने अन्तरक्रियाद्वारा प्रकट गर्नुभएको थियो ।

## ५.३ सुझावहरू

विद्यालयमा शैक्षिक सामग्री व्यवस्थापन विषयमा अध्ययन गर्ने क्रममा अध्ययन, अवलोकन, अन्तर्वार्ताबाट प्राप्त सूचना तथा जानकारीको आधारमा शैक्षिक सामग्रीको निर्माण तथा सङ्कलन, व्यवस्थापन, शैक्षिक सामाग्रीको प्रयोग र गुणस्तर नबिग्रने गरी व्यवस्थित रूपमा राख्ने कार्यलाई प्रभावकारी बनाउनका लागि दिएको सुझावहरूलाई निम्न अनुसार प्रस्तुत गर्न सकिन्छ :

### ५.३.१ विद्यालय तहमा शै.सा. व्यावस्थापन प्रभावकारी बनाउने उपयुक्त विकल्पहरू

छनोटमा परेका विद्यालयका शिक्षक, विद्यार्थी, अभिभावक, प्र.अ., वि.व्य.स.का पदाधिकारीहरूको प्रतिक्रियाबाट विद्यालयमा शै.सा.को व्यवस्थापन प्रभावकारी बनाउन निम्न उपायहरू हुनसक्ने बताएका छन् :

क) स्थानीय सामग्रीको प्रयोग : स्थानीय सामग्रीको प्रयोग गरी शिक्षण सिकाईमा यसको प्रयोग गर्दा विद्यार्थीहरूको रोचकता पढ्ने, स्थानीय सामग्री प्रयोग गरी बनाउँदा सस्तोमा तयार हुने, स्थानीय प्रविधिको उपयोग हुने हुनाले व्यवहारिक र वास्तविक ज्ञान दिने । शिक्षकलाई उत्प्रेरीत गर्न तालिममा सहभागी गराउनु पर्ने । विद्यार्थीको सहभागीता जुटाउन र प्रतिभाशाली विद्यार्थीको प्रतिभालाई उपयोग गर्न सकिने भनी सबै पक्षको सूचनाबाट प्राप्त भएको छ ।

ख) अर्थसङ्कलन : विद्यालयले उपयुक्त योजना बनाएर समाजसँग हातेमालो गर्न सकेको खण्डमा शै.सा.सङ्कलन र व्यवस्थापनको लागि आर्थिक स्रोत जुटाएमा विभिन्न प्रविधिको पनि विकास गराउने अवधारणा पाइयो । विद्यालयमा शै.सा. आवश्यकता छ । उपयुक्त योजना निर्माण गरी समाजलाई विश्वास दिलाउन सकेको खण्डमा सामाजिक सहयोग जुट्ने धारणा अभिभावकको पाइयो । त्यसका लागि विद्यालयको सबै पक्ष एक भएर इमान्दारीपूर्वक अगाडि बढ्नु पर्ने सूचना प्राप्त भएको छ ।

ग) अनुदान : सरकारले निःशुल्क शिक्षाको नाममा केवल शिक्षकको तलवमा मात्र सहभागी हुने र विद्यालयले कर्मचारी, नीजि स्रोतका शिक्षक, पियन आदिको तलव विद्यालयले जुटाउनु पर्ने र थप शैक्षिक क्रियाकलापको भार पनि विद्यालयको आन्तरिक

स्रोतबाट गर्नुपर्ने जो शिक्षा ऐन (२०२८) र नियमावली (२०५९) मा व्यवस्था छ । यसमा परिवर्तन गरी विद्यार्थी लगत सहभागिता जगाउनु पर्दछ । र विद्यालय कोठा बनाउने र शैक्षिक क्रियाकलाप प्रभावकारी रूपमा सञ्चालन गर्न आवश्यक सामग्रीहरू जुटाउन विद्यालयलाई एकमुस्ट अनुदान प्रदान गर्नुपर्ने धारणा विद्यालयका प्र.अ.हरूको पाइयो ।

घ) प्रविधिको प्रयोग : स्थलगत सर्वेक्षणबाट प्राप्त सुचनाका आधारमा विद्यालयलाई अत्याधुनिक उपकरण सहित तिनीहरूको उपयोग शिक्षण सिकाई क्रियाकलाप सञ्चालन गरी विद्यालयको आर्थिक साथै शैक्षिक गतिविधिलाई कम्प्युटरमा समावेश गरी चुस्त प्रशासन बनाउन पहल गर्नुपर्ने देखिन्छ । कम्प्युटरलाई कक्षा शिक्षणमा उपयोग गर्ने, प्रश्नपत्र व्यवस्थित गर्न प्रश्नपत्र सँगालोको निर्माण गर्ने क्रममा समेत उपयोग गर्न सकिने देखियो । कम्प्युटर, क्यामरा, टि.भी., भिडियो आदिको उपयोग गरी शिक्षण सिकाइमा त्यसको उपयोग गर्न विद्यालयलाई सक्षम बनाउनका लागि विद्यालयले आर्थिक स्रोत साथै प्राविधिक रूपमा पनि सक्षमता विकशित गर्ने देखिन्छ । जसको लागि तालिममा शिक्षक, कर्मचारीलाई पढाउन सकिन्छ । नयाँ प्रविधिवाला सामग्री चलाउन जान्ने प्राविधिकलाई भर्ना गराउनु पर्ने धारणा स्थलगत अध्ययनबाट पाइयो ।

ङ) सन्दर्भ सामग्रीको सङ्कलन : वि.क्षे.सु.यो. (२०६६) विद्यालयहरूमा पाठ्यपुस्तकका साथै विद्यार्थीको उमेर सुहाउँदो पाठ्यक्रममा उल्लेख भएका सिकाइ उपलब्धी हासिल गर्न सहयोग पुर्‍याउने खालका सान्दर्भिक पाठ्य सामग्री हुनुपर्ने, यस्ता सामग्रीको व्यवस्थापन गर्ने जिम्मेवारी जि.वि.स. र जि.शि.का.को हुनुपर्ने धारणा स्थलगत अध्ययनबाट प्राप्त भयो ।

च) पुस्तकालयको स्थापना : विद्यालयमा एउटा व्यवस्थित पुस्तकालय हुनुपर्ने कुरा शिक्षा ऐन (२०२८) नियमावली (२०५९) मा उल्लेख भएता पनि केही विद्यालयमा पुस्तकालय नभएको पाइयो । जसका लागि पुस्तकालयलाई व्यवस्थित रूपमा राख्ने, दराज क्रमवद्ध रूपमा राख्ने, तालिम प्राप्त जनशक्तिको व्यवस्था गर्नुपर्दछ । विषयगत नविन पुस्तकहरू इतिहास, कथा, साहित्य, पत्रपत्रिका आदि सबै कुरा भेटिने पुस्तकालयको व्यवस्थापन गर्ने क्षमता विद्यालयलाई पुर्‍याउनु पर्दछ । जसका लागि

आवश्यक परे विद्यार्थीबाट शुल्क पनि लिन सकिन्छ । विद्यालय क्षेत्र सुधार योजना अनुसार आधार कक्षा (१-३) को विद्यालयमा ५००, प्राथमिक (१-५) को कक्षाको लागि १,००० उच्च प्रा.वि. (१-८) को कक्षाको लागि २,००० पुस्तकहरू हुनुपर्ने कुरा उल्लेख छ । प्रत्येक विद्यालयमा एउटा प्रयोगशालाको व्यवस्था गरिनु पर्दछ । जसमा आवश्यक पर्ने उपकरण शै.सा., प्रयोगात्मक अभ्यास प्रयोगात्मक कक्षा कोठामा नै गर्न पाउनु पर्ने धारणा स्थलगत अध्ययनको क्रममा पाइयो ।

### ५.३.२ शैक्षिक सामग्रीको सङ्कलन वा निर्माणलाई प्रभावकारी बनाउने उपायहरू

शै.सा.को व्यावस्थापनमा शै.सा.को निर्माण र सङ्कलन प्रथम महत्त्वपूर्ण पक्ष हो । शै.सा.को निर्माण सङ्कलन विना व्यवस्थापन हुन सक्दैन । स्थलगत सर्वेक्षणबाट प्राप्त सूचनाका आधारमा शै.सा. निर्माण वा सङ्कलन गर्नका लागि निम्नानुसार क्रियाकलाप गर्न सकिन्छ :

- सरकारी तवरबाट शै.सा. निर्माण, सङ्कलन सम्बन्धी निर्देशिका बनाएर प्रत्येक विद्यालयमा वितरण गर्नुपर्ने,
- सरकारले विद्यालयको दरवन्दीमा रहेका शिक्षकहरूको तलव मात्र दिने परिपाटीको अन्त्य गरी शैक्षिक गुणस्तर अभिवृद्धि कृयाकलाप गर्ने बजेट एकमुष्ट रूपमा विद्यालयलाई उपलब्ध गराउनु पर्छ ।
- विद्यालयले निश्चित योजना निर्माण गरी समाज साथै अभिभावकसँग आर्थिक स्रोत जुटाएर भौतिक सामग्री खरिद गर्न सकिन्छ । जस्तै कम्प्युटर शिक्षा दिने योजनाको लागि विश्वास दिलाएर कम्प्युटर खरिद गर्न सकिने,
- स्थानीय सामग्रीको उपयोग गरी शैक्षिक सामग्री निर्माण गर्न शिक्षकलाई उत्प्रेरित गर्ने, जिम्मेवार बनाउने र तालिम दिने र विद्यार्थीलाई पनि सक्रिय सहभागी गराउने वातावरण बनाउनु पर्ने,
- नयाँ नयाँ प्रविधि कम्प्युटर, टि.भी., भि.डि.यो., डिक्सलाई शैक्षिक क्रियाकलापमा उपयोग गर्नको लागि आर्थिक र प्राविधिक रूपमा सक्षमता विकास गर्नुपर्ने,
- प्रविधियुक्त शिक्षाको लागि इन्धनको व्यवस्था गर्नुपर्ने,

- प्रत्येक विद्यालयमा विषयगत विभाग बनाउने र तिनीहरूको आवश्यक पर्ने शैक्षिक सामग्री खरिद गर्ने, सङ्कलन गर्ने र निर्माण गर्ने सम्पूर्ण जिम्मा दिने हो भने अहिले भएको भन्दा बढी सामग्री जम्मा हुने धारणा शिक्षकहरूबाट पाइयो ।
- विद्यालयमा पुस्तकालय निर्माण गर्नका लागि विद्यालयले भौतिक र प्राविधिक रूपमा सक्षमता विकसित गर्दै लैजानु पर्दछ । विद्यालयमा गरेका विभिन्न क्रियाकलापहरूको रेकर्ड राख्नुपर्ने,

### ५.३.३ शैक्षिक सामग्रीको भण्डारणमा प्रभावकारिता ल्याउने उपायहरू

स्थलगत सर्वेक्षणबाट प्राप्त सूचनाका आधारमा शैक्षिक सामग्रीको निर्माण, सङ्कलन वा प्रयोग गरिसकेपछि चाहिएको बेलामा उपलब्ध हुने गरी र गुणस्तर नबिग्रने गरी राख्ने कार्य पनि शै.सा.को प्रयोगमा स्थायित्व दिनको लागि सहयोगी भूमिका खेल्दछ । भण्डारणमा कुन-कुन सामग्री हुन् र तिनीहरूलाई चाहिएको बेलामा पाउन सक्ने गरी व्यवस्थापन गर्न धेरै कुरामा ध्यान पुऱ्याउनु पर्दछ । पृथकीकरण, विषयीकरण, सूचीकरण, तालिकीकरण, संक्षेपीकरण गरेर शैक्षिक सामग्रीहरू साथै पुस्तकलाई व्यवस्थापन गर्न सकिन्छ । गुणस्तर कायम राख्न वस्तुको प्रकृति अनुसार संरक्षण गर्नुपर्ने धारणा अन्तरवार्ताको क्रममा शिक्षक र प्र.अ.बाट व्यक्त गरिएको थियो । अन्तरक्रियाबाट प्राप्त सुझावहरू निम्नानुसार छन् :

- तालिकाहरू, चार्टहरू, नक्सालाई गुणस्तर नबिग्रनेगरी राख्न प्लास्टिक वा कपडाको खोलमा राख्न सकिने,
- शैक्षिक सामग्रीलाई विषयीकरण, तालिकिकरण, सूचीकरण साथै संक्षेपीकरण गरी सामग्री राखेको खण्डमा खोजेको सामग्री समयमा नै प्राप्त गर्न सकिने र प्रयोग गरिसकेपछि उपयुक्त ठाउमा राख्न पनि सहज हुने,
- पुस्तकहरूलाई बेलाबखतमा किरा, धुप, धुलोबाट नियन्त्रण गर्न स्प्रे गर्ने, सफा गर्ने गर्नुपर्ने,
- शै.सा.लाई चिसो ओसबाट बचाउन दराजमा राख्नुपर्ने,
- दराज भित्र के के सामान छन् भन्ने कुराको लिस्ट दराज अगाडि राख्नुपर्ने,
- शिक्षण कार्यमा प्रयोग गरिने बोर्ड, कालोपाटी, सेतोपाटी, आदि कक्षाको बीचमा कोठाको आकार अनुसार बनाउने र त्यसलाई बेलाबेलामा रंगाएर कन्डीसनमा अर्थात् नकोरिएको र चिप्लो अवस्थामा राख्ने, जियो बोर्ड तथा फलाटिन बोर्ड पनि साइडमा व्यावस्थापन गर्न सकेमा प्रभावकारी हुने देखिन्छ ।

## सन्दर्भ सामग्रीहरू


अधिकारी, चन्द्रमणि (२०६६/०६७), **शिक्षा ऐन २०२८ सातौं संशोधन,** डिल्लीबजार काठमाडौं : जनप्रगतिसिल प्रकाशन ।

काफ्ले, पौडेल, वासुदेव, गिरीराज (२०६४), **शैक्षिक व्यवस्थापन र सङ्गठनात्मक व्यवहार,** किर्तिपुर : जुपिटार पब्लिकेशन ।

के.सी. फत्तेबहादुर (२०५५), **सङ्गठन तथा व्यवस्थापन**, काठमाडौं : एजुकेशन पब्लिसर्स ।

कोइराला विद्यानाथ, श्रेष्ठ चन्द्रबहादुर (२०६६), **शैक्षिक व्यवस्थापन र सङ्गठनात्मक व्यवहार,** भोटाहिटी, काठमाडौं : विद्यार्थी पुस्तक भण्डार ।

खनाल, पेशल (२०६२), **शैक्षिक अनुसन्धान पद्धति**, किर्तिपुर काठमाडौं : सनलाइट पब्लिकेसन ।

खनाल, श्रीप्रसाद, तिमिल्सिना, विनोद खण्ड (२०६१) **गुणात्मक मूल्याङ्कन अनुसन्धान**, किर्तिपुर, नयाँबजार : क्षितिज प्रकाशन ।

खनाल, श्रीप्रसाद (२०६५), **कार्यक्रम मूल्याङ्कन,** किर्तिपुर, काठमाडौं : जुपिटर पब्लिसर्स एन्ड डिस्ट्रिब्युटर्स ।

खनाल, श्रीप्रसाद (२०५९), **उच्च तथा न्यून शैक्षिक उपलब्धिमा प्रभाव पार्ने तत्त्वहरू एक अध्ययन,** अप्रकाशित स्नातकोत्तर शोधपत्र, त्रि.वि. किर्तिपुर, काठमाडौं ।

पौडेल, जीवन शर्मा (२०५९), **नेपालको सन्दर्भमा विद्यालयमा आधारित व्यवस्थापन, विकासको निम्ति शिक्षा**, शिक्षा विकास तथा अनुसन्धान केन्द्र, त्रि.वि. ।

- भट्टराई, ईश्वरीप्रसाद (२०६१), **विद्यालय शिक्षा सुधारका लागि प्रधानाध्यापक, शिक्षक तथा समाजसेवीको भूमिकाको अध्ययन**, अप्रकाशित स्नातकोत्तर शोधपत्र, महेन्द्ररत्न क्याम्पस, ताहाचल ।
- मैनाली, रमेश प्रसाद (२०५६), **विद्यालय व्यवस्थापनमा प्रधानाध्यापकहरूले सामना गर्नुपरेका कठिनाइहरू एक अध्ययन,** अप्रकाशित स्नातकोत्तर शोधपत्र, महेन्द्ररत्न क्याम्पस, ताहाचल ।
- शिक्षा विभाग (२०५९), **समुदायद्वारा व्यवस्थापन हुने विद्यालय सञ्चालन कार्य (पहिलो संशोधन) निर्देशिका**, सानोठिमी भक्तपुर ।
- श्रेष्ठ, अमुदा (२०५५), **सङ्गठन तथा व्यवस्थापन,** काठमाडौँ : एजुकेशन पब्लिसर्स ।
- शर्मा, कुवेरनाथ (२०६१), **शिक्षण शास्त्र,** काठमाडौँ : रत्न पुस्तक भण्डार ।
- शर्मा, गोपिनाथ (२०५७), **नेपालको शैक्षिक इतिहास,** रत्नपार्क, काठमाडौँ : लुम्बिनी पुस्तक भण्डार ।
- शर्मा, गोपिनाथ (२०६६), **नेपालमा शिक्षा आयोगका प्रतिवेदनहरूको सङ्ग्रह,** डिल्लीबजार, काठमाडौँ : मकालु प्रकाशन गृह,।
- हाडा, भुपेन्द्र (२०५९), **गुणस्तरीय शिक्षण सामग्री र वातावरणको अपरिहार्यता,** विकासको निम्ति शिक्षा विकास तथा अनुसन्धान केन्द्र त्रि.वि.।
- सापकोटा, रमाकान्त (२०६२), **शिक्षण प्रविधि र नव प्रवर्तनलाई कक्षामा भित्र्याउने प्रस्ताव,** भरतपुर चितवन : वाल्मीकि स्मारिका वाल्मीकि शिक्षा सदन ।

## अनुसूची - १

### अध्ययन गरिएका विद्यालयमा भएका शैक्षिक सामग्रीहरू

| क.सं. | विवरण | जनता उ.मा.वि. इटहरी | | कविर माध्यमिक विद्यालय इटहरी | | ज्योति मा.वि. इटहरी | | कचना महादेव मा.वि. इटहरी | | रक्तमाला प्रा.वि. इटहरी | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | सङ्ख्या | कैफियत | सङ्ख्या | कैफियत | सङ्ख्या | कैफियत | सङ्ख्या | कैफियत | सङ्ख्या | कैफियत |
| १ | मुद्रित सामग्री | | | | | | | | | | |
| | क) पुस्तक | ६३० | | ४२० | | ४६० | | ५८० | | २९० | |
| | ख) पत्रपत्रिका | | | | | | | | | | |
| | ग) शिक्षक निर्देशिका | | | | | | | | | | |
| | घ) पाठ्यक्रम | | | | | | | | | | |
| | ङ) शिक्षक नोट-डायरी | | | | | | | | | | |
| | च) विषय विस्तृतिकरण | | | | | | | | | | |
| २ | दृश्य सामग्री | | | | | | | | | | |
| | क) नक्सा (नेपाल,विश्व) | | | | | | | | | | |
| | ख) चार्ट | | | | | | | | | | |
| | ग) ग्राफ | | | | | | | | | | |
| | घ) मोडेल | | | | | | | | | | |
| | ङ) चित्र | | | | | | | | | | |
| | च) स्लाइड | | | | | | | | | | |
| | छ) कम्प्युटर | | | | | | | | | | |
| | ज) इन्टरनेट | | | | | | | | | | |
| | झ) कालोपाटी | | | | | | | | | | |
| | ञ) फलाटिन बोर्ड | | | | | | | | | | |
| | ट) सुक्ष्म दर्शक यन्त्र | | | | | | | | | | |
| ३ | श्रव्य सामग्री | | | | | | | | | | |
| | क) रेडियो | | | | | | | | | | |
| | ख) टेपरेकर्ड | | | | | | | | | | |
| ४ | श्रव्य + दृश्य सामग्री | | | | | | | | | | |
| | क) नाटक | | | | | | | | | | |
| | ख) टि.भि. | | | | | | | | | | |
| | ग) सिनेमा | | | | | | | | | | |
| ५ | पुस्तकालय | | | | | | | | | | |
| ६ | प्रयोगशाला | | | | | | | | | | |

# अनुसूची- २

## प्रधानाध्यापकका लागि अन्तर्वार्ता प्रश्नावली

नाम : ....................................................................... ठेगाना : .....................

विद्यालय : ................................................................. कार्य अनुभव : ...............

तलका प्रश्नमा आफूलाई मन पर्ने बुँदामा ठीक (✓) चिह्न लगाउनु होला ।

१. माथिल्लो निकायबाट विद्यालयमा शैक्षिक सामग्री व्यवस्थापनमा कत्तिको अनुगमन हुने गरेको छ ?

(क) छ (ख) छैन (ग) यो त प्र.अ.को काम हो (घ) यो त स्रोतव्यक्तिको काम हो

२. शै.सा. व्यवस्थापनसम्बन्धी शिक्षकहरूले तालिम लिनुभएको छ ?

(क) छ (ख) छैन

३. तपाईंको विद्यालयमा शै.सा. को स्थिति कस्तो छ ?

(क) उत्तम (ख) मध्यम (ग) निम्न

**खुल्ला प्रश्नहरू**

१. तपाई प्र.अ. भई कार्य गर्नुभएको कति वर्ष भयो ?

२. शिक्षण सामग्री सम्बन्धी कुनै तालिम लिनु भएको छ ?

३. तपाईंले शैक्षणिक सुपरिवेक्षण गर्नुहुन्छ वा हुँदैन ?

४. तपाईंको विद्यालयमा स्थानीय शैक्षिक सामग्रीको प्रयोग कक्षा कोठामा कत्तिको हुने गरेको छ ?

५. शै.सा. भण्डार, सुरक्षा एवम् लगत राख्ने चलन छ कि छैन ?

६. शैक्षिक सामग्री विना शिक्षण सिकाई दिगो हुन्छ जस्तो लाग्छ ?

७. शै.सा. सङ्कलनमा विद्यार्थी शिक्षक परीचालन गर्नुभएको छ वा छैन ?

) ८. शिक्षक, कर्मचारी एवम् विद्यार्थीको रचनात्मक कार्यमा कत्तिको रुचि एवम् सहभागिता पाउनु भएको छ ?

) ९. भौतिक एवम् सुविधा सम्पन्न बनाउन तपाईंबाट के कस्ता प्रयास भएका छन् ?

) १०. माथिल्लो निकायबाट शैक्षिक अभिवृद्धि गर्न के कस्ता उपाय एवम् रणनीतिहरू अपनाइएका छन् र ती पर्याप्त छन् वा छैनन् ?

) ११. कक्षाकोठा रुचिकर एवम् प्रभावकारी बनाउन केके गर्नुपर्ला ?

) १२. तपाईंले शैक्षिक सामग्री जुटाउन क-कस्को सहयोग प्राप्त गर्नुभएको छ ?

) १३. विज्ञान प्रयोगशाला एवम् पुस्तकालयको प्रयोग कुशलतापूर्वक हुन सकेको छ छैन ?

) १४. शिक्षकलाई बेला बेलामा पुनर्ताजगी तालिममा सहभागी गराउनु भएको छ कि छैन ?

) १५. विशुद्ध शैक्षिक उन्नयनका लागि महिनाको वा अर्धवार्षिक वैठक राख्ने कार्य गर्नुभएको छ ?

) १६. कक्षाकोठामा विद्यार्थीको बसाइ, हावाको ओहोर दोहोर, व्याकबोर्डको उचित प्रयोग लगायत निरन्तर प्रयोग भैरहने शैक्षिक सामग्रीको व्यवस्थापनमा ध्यान दिनु भएको छ त ?

) १७. शै.सा. छनोटमा तयारी बजारमा पाइने वा शिक्षक विद्यार्थीद्वारा निर्मितलाई प्राथमिकता दिने गर्नुभएको छ ?

) १८. तपाईंको विद्यालयमा कम्प्युटर छ कि छैन ? विद्यार्थीलाई कम्प्युटर शिक्षाको सुविधा दिने योजना बनाउनु भएको छ ?

) १९. व्यवस्थित पुस्तकालय र व्यवस्थित रूपमा शैक्षिक सामग्री राख्नको लागि केही योजना बनाउनु भएको छ कि ?

) २०. लाइब्रेरीको सञ्चालन गर्ने, योजना बनाउनु भएको छ की ?

) २१. शिक्षकको योग्यता, भत्ता, तलब सुविधा तालिम जस्ता पक्षमा विद्यालयले कतिको सहयोग गर्ने प्रयत्न गरेको छ ?

) २२. "विद्यार्थीले सिकिन भन्नुको अर्थ शिक्षकले सिकाएन" यस भनाइमा तपाईं सहमत हुनुहुन्छ ?

- २३. शिक्षकहरूलाई पाठ्यपुस्तक अनुसारका शैक्षिक सामग्री जुटाउन के को अभाव छ ?
- २४. तपाईंले आफ्ना शिक्षकहरूलाई कसरी व्यवस्थित गर्नुभएको छ ?
- २५. शैक्षिक सामग्रीको प्रयोग गर्दा र नगर्दा शिक्षणमा के कस्तो फरक पाउनु भएको छ ?

## अनुसूची - ३

### शिक्षक / शिक्षिकाहरूका लागि अन्तर्वार्ता प्रश्नावली

नाम : ................................................................. ठेगाना : ....................

विद्यालय : .............................................................. कार्य अनुभव : ...............

१. तपाईं यो विद्यालयमा कति समयदेखि शिक्षण पेशामा आवद्ध हुनुहुन्छ ?

२. तपाईंको शिक्षणको मुख्य विषय के हो ?

३. विद्यालय, जि.शि.का., श्रोतकेन्द्रबाट बेलाबेलामा शै.उपलब्धि वृद्धि गर्ने खालका तालिम पुनर्ताजगी कार्यक्रममा सहभागी हुनु भएको छ ?

४. तपाईं आफ्नो शिक्षण पद्धतिमा सन्तुष्ट हुनुहुन्छ ?

५. सिकाइ दिगो बनाउन कस्ता शैक्षिक कार्यक्रम प्रभावकारी होलान् ?

६. तपाईं कक्षाकोठामा प्रवेश गरी शिक्षण गराउँदा कत्तिको शैक्षिक सामग्रीको प्रयोग गर्नुहुन्छ ?

७. शै.सा.उपलब्धता पर्याप्त छ कि छैन ?

८. शिक्षण गर्दा आवश्यक शैक्षिक सामग्री विद्यालयमा उपलब्ध छन् ?

९. शिक्षण प्रभावकारी बनाउन क-कस्को सहयोगी भूमिका रहन्छ ?

१०. शैक्षिक सामग्री शिक्षण गर्दा र शै.सा. नलिई शिक्षण गर्दा विद्यार्थीले सिक्ने उत्सुकतामा के अन्तर देखिन्छ ?

११. शै.सा. सङ्कलनमा विद्यार्थीहरूलाई सहभागी गराउनु भएको छ त ?

१२. शै.सा. सङ्कलनमा देखिएका कमी कमजोरी केके हुन् ?

१३. विषय अनुसारका शै.सा. वर्गीकरण गरिएको छ कि ?

१४. विद्यालयमा आफ्नै स्रोत नहुदा वा कम हुँदा अत्यावश्यक सामग्री जुटाउन के-कस्ता कार्यक्रम गर्ने गरिएको छ ?

१५. नयाँ प्रविधि (कम्प्युटर, इन्टरनेट, भिडियो, फ्याक्स) लाई कक्षाकोठा शिक्षणमा उपयोग गर्न केके समस्याहरू छन् ?

१६. परीक्षा, मूल्याङ्कन, नतिजा दिने कार्यमा कम्प्युटरको उपयोग गर्नु भएको छ ?

१७. भिडियोको उपयोग कक्षा शिक्षणमा गर्न केके गर्नु पर्ला ? र कस्ता-कस्ता विषयवस्तु शिक्षण गर्न सहज होला ?

१९. लाइब्रेरीको आवश्यकता छ कि छैन ?

२०. शैक्षिक सामग्रीको प्रयोग गर्दा र नगर्दा शिक्षणमा के कस्तो फरक पाउनु भएको छ ?

## ) अनुसुची - ४

## ) विद्यार्थीका लागि अन्तर्वार्ता प्रश्नावली

) नाम : ........................................................................ ठेगाना : .......................

) विद्यालय : .................................................................. कक्षा : ........................

) १. यस विद्यालयमा तिमी कहिलेदेखि अध्ययन गरिरहेका छौ ?

) २. तिम्रो अभिभावक के काम गर्नुहुन्छ ?

) ३. घरमा पढ्नको लागि कतिको समय पाएका छौ ?

) ४. शिक्षक कक्षामा निर्धारित समयमा अध्यापन गराउनु हुन्छ ?

) ५. शिक्षकले कुन विधिबाट पढाउनु हुन्छ ?

) ६. कक्षामा शिक्षक अनुपस्थित भएको समयमा के गर्छौ ?

) ७. शिक्षकले नयाँ पाठ पठाउन आउँदा शैक्षिक सामग्री प्रयोग भएको पाएका छौ ?

) ८. शै.सा. प्रयोग कम वा अधिक कस्तो भएको छ ?

) ९. तालिम प्राप्त र अप्राप्त शिक्षकहरू बीच अन्तर पाएका छौ ? पाएका छौ भने कस्तो ?

) १०. शै.सा. बढी भन्दा बढी प्रयोग गर्दा सिकाइमा आउने अन्तर कस्तो छ ?

) ११. शै.सा. को सङ्कलन र तयारीमा विद्यार्थीको कस्तो भूमिका हुन्छ ?

) १२. तिमीले शै.सा.को प्रयोग गर्न पाएका छौ ?

) १३. शिक्षण विधिमा प्रदर्शन विधिबाट शिक्षण गर्दा कक्षाको वातावरण कस्तो हुने गर्दछ ?

) १४. कक्षामा टेप सुनेका छौ ?

) १५. कक्षाकोठामा भिडियो मार्फत शिक्षण हुने गरेको छ ?

) १६. तिमीले कम्प्युटर प्रयोग गरेका छौ ? विद्यालयले कम्प्युटर दिएमा तिमी सहभागी हुन्छौ ?

) १७. तिम्रो विद्यालयमा छुट्टै पुस्तकालय छ ?

) १८. तिम्रो विद्यालयमा सरहरूले शैक्षिक सामग्री प्रयोग गर्दा र नगर्दा तिमीले शिक्षण सिकाइमा कतिको फरक महसुस गरेका छौ ?

## अनुसूची- ५

### विद्यालय व्यवस्थापन समिति पदाधिकारीका लागि अन्तर्वार्ता प्रश्नावली

नाम ...................................................................... ठेगाना : ...................

विद्यालय : ................................................................. शैक्षिक योग्यता : ..........

१. तपाईंले विद्यालय व्यवस्थापन समितिमा रहेर कार्य गर्नुभएको कति समय भयो ?

२. विद्यालय व्यवस्थापन समिति, प्र.अ. र शिक्षकहरू बीचको सम्बन्ध कस्तो पाउनु भएको छ ?

३. विद्यालय व्यवस्थापन समितिले शैक्षिक सामग्रीको उचित व्यवस्थापन गर्न के कस्तो प्रयास गर्नुपर्दछ ?

४. शैक्षिक सामग्रीको प्रयोगमा वृद्धि ल्याउने उपायहरू केके होलान् ?

५. तपाईं विद्यालयमा कति कति समयमा जाने गर्नुहुन्छ ?

६. तपाईंले विद्यार्थीसँग शैक्षिक सामग्रीको प्रयोग भएको छ कि छैन भनेर सोध्ने गर्नुभएको छ ?

७. शैक्षिक सामग्रीको सङ्कलन र तयारी गर्न प्र.अ, शिक्षक एवम् विद्यार्थीलाई कसरी उत्प्रेरीत गरिरहनु भएको छ ?

८. कक्षा व्यवस्थापनमा शैक्षिक सामग्रीको प्रयोगले शैक्षिक वातावरणमा राम्रो पार्छ कि पार्दैन ?

९. शिक्षण गर्दा पाठ योजना बनाइ आवश्यक शैक्षिक सामग्रीको प्रयोग गरी शिक्षण गराउनु पर्दछ भन्ने कुरा विद्यालय परिवारलाई जानकारी गराउनु भएको छ ?

१०. शिक्षकको योग्यता, दक्षता र सीप अभिवृद्धि गर्न के कस्ता शैक्षिक कार्यक्रममा जोड दिनुपर्ला जस्तो लाग्छ ?

११. विद्यालयलाई आधुनिक एवम् सुविधा सम्पन्न बनाउन के कस्ता पहल गर्नुभएको छ ?

१२. सरकारले रकम नदिँदा अत्यावश्यक शैक्षिक सामग्री तथा भौतिक सामग्री जुटाउन के कस्ता प्रयास गर्नु भएको छ ?

१३. विद्यालयमा कम्प्युटर शिक्षा विद्यार्थीले लिन पाएका छन् ? कम्प्युटर शिक्षा लागू गर्न तपाईंको भूमिका कस्तो रहन्छ ?

१४. लाइब्रेरीको बारेमा कुनै योजना बनाउनु भएको छ ?

## अनुसूची - ६

## अभिभावकका लागि अन्तर्वाता प्रश्नावली

नाम ........................................................................ ठेगाना : ....................

विद्यालय : ................................................ पेशा : ........ शैक्षिक योग्यता : .........

१. तपाईंका छोराछोरी विद्यालय जान कतिको मन गर्छन् कि गर्दैनन् ?

२. विद्यालय जान थालिकन छोराछोरीमा ज्ञान सीपमा वृद्धि भएजस्तो लाग्छ ?

३. वर्तमान शिक्षा संरचना र नीतिसँग सहमत हुनुहुन्छ ?

४. तपाईंले बच्चा बच्चीको लागि कस्तो वातावरण बनाइदिनु भएको छ ?

५. तपाईको बच्चा बच्चीले पढ्ने विद्यालयमा कतिको जाने गर्नु भएको छ ?

६. विद्यालयलाई कतिको सल्लाह सुझाव दिने गर्नुभएको छ ?

७. तपाईंले दिएका सल्लाह र सुझाव विद्यालयले कतिको गर्दछ ?

८. विद्यालय जाँदा कस्ता शै.सा. देख्नु भएको छ ?

९. भएका शै.सा. कसरी विद्यालयले राखेको छ ?

१०. तपाईंको बच्चाले कस्ता शै.सा. प्रयोग गर्छ ?

११. शै.सा. तयार पार्ने क्रममा बच्चालाई कतिको सहयोग गर्नुहुन्छ ?

१२. स्थानीय शैक्षिक सामग्रीको सङ्कलनमा तपाईं सहभागी हुनुभएको छ ?

१३. विद्यालयमा भएका शैक्षिक सामग्रीको व्यवस्थापनको अनुगमन गर्नु भएको छ ?

१४. विद्यालयलाई शै.सा. व्यवस्थापन सम्बन्धी कस्ता सल्लाह र सुझाव दिनु भएको छ ?

१५. शैक्षिक सामग्रीको प्रयोगले शिक्षण सिकाइलाई कतिको प्रभाव पारेको महसुस गर्नुभएको छ ?

**अनुसूची - ७**

**छनोट गरिएका विद्यालयहरूको विवरण**

| क.सं. | विद्यालय |
|---|---|
| १ | श्री जनता मा.वि.इटहरी -१ |
| २ | श्री कविर मा.वि. इटहरी- १ |
| ३ | श्री ज्योति मा.वि. इटहरी - ५ |
| ४ | श्री कचना महादेव मा.वि. इटहरी - ४ |
| ५ | श्री रक्तमाला प्रा.वि. इटहरी - ५ |